मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

पहुँचका भरमा सवारी सुविधा लिइरहेकाबाट फिर्ता गराइँदै

समाचार पृष्ठ ५ मा



वर्ष ४ | अंक १६० | २०८३ साल वैशाख १६ गते बुधबार | Wednesday 29, April 2026 | सूर्योदय: बिहान ०५:२९ बजे | सूर्यास्त: साँझ ०६:३७ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## मधेशमा आत्महत्याको अवस्था भयावह



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा आत्महत्याका घटना पछिल्लो समय गम्भीर सामाजिक संकटका रूपमा उभिन थालेका छन् । प्रहरी तथ्याङ्कले दैनिक औसत ३ देखि ४ जनाले आत्महत्या गर्ने गरेको देखाउँदा अवस्था झन् भयावह बन्दै गएको संकेत मिल्छ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार पछिल्ला करिब तीन वर्षमा ३ हजार ३ सय ४८ जनाले आत्महत्या गरेका छन् । चालु आर्थिक वर्षमै ७ सय ९३ जनाले ज्यान गुमाइसकेका छन्, जसमा २ सय ८२ पुरुष, ३ सय ४ महिला र २ सय ७ बालबालिका रहेका छन् । बालबालिकामध्ये १ सय ७२ जना बालिका रहेको तथ्याङ्कले झन् चिन्ताजनक अवस्था उजागर गरेको छ।

जिल्लागत रूपमा हेर्दा चालु आर्थिक वर्षमा सबैभन्दा बढी सिरहामा १ सय ३४ जनाले आत्महत्या गरेका छन् । त्यसपछि धनुषा (११२), सर्लाही (१११) र रौतहट (१०९) रहेका छन् । सबैभन्दा कम पर्सामा ६९ घटना दर्ता भएका छन् । सप्तरीमा ८८, महोत्तरीमा ७७ र बारामा ९३ जनाले आत्महत्या गरेका छन्।

अघिल्लो आर्थिक वर्ष २०८१–८२ मा १ हजार २ सय ६१ जनाले आत्महत्या गरेका थिए । तीमध्ये ४ सय ७८ पुरुष, ४ सय ७२ महिला र ३ सय ११ बालबालिका थिए, जसमा २ सय ४६ बालिका रहेका थिए । त्यस वर्ष सबैभन्दा बढी धनुषामा २ सय ७ र सबैभन्दा कम पर्सामा १ सय ९ घटना दर्ता भएका थिए।

त्यस्तै, आर्थिक वर्ष २०८०–८१ मा १ हजार २ सय ९४ जनाले आत्महत्या गरेका थिए । यो वर्ष पुरुष ५ सय ५६, महिला ४ सय ७० र बालबालिका २ सय ६८ रहेका थिए, जसमा २ सय १ बालिका थिए। सर्लाहीमा सबैभन्दा बढी २ सय ६ र सप्तरीमा सबैभन्दा कम १ सय १७ घटना भएका थिए।

आत्महत्या दुरुत्साहनसम्बन्धी घटनामा पनि प्रहरी सक्रिय देखिएको छ। पछिल्ला तीन वर्षमा ४ सय ९९ जनालाई पक्राउ गरी मुद्दा चलाइएको छ। चालु आर्थिक वर्षमा ११४, आर्थिक वर्ष २०८१–८२ मा १ सय ८८ र २०८०–८१ मा १ सय ९७ जनाविरुद्ध कारबाही गरिएको मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी गोविन्द थापालियाले जानकारी दिएका छन्।

विश्लेषण गर्दा मधेशमा आत्महत्याको कारण बहुआयामिक देखिन्छ । बेरोजगारी, आर्थिक अभाव, पारिवारिक कलह, मानसिक तनाव, दाइजो प्रथा, घरेलु हिंसा तथा प्रेम सम्बन्धसँग जोडिएका सामाजिक अवरोध प्रमुख कारक हुन् । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसन्धान अधिकृत अर्जुन खतिवडाका अनुसार पुरुषहरूमा बेरोजगारी, वैवाहिक तनाव, लागुऔषध तथा मदिरा सेवन प्रमुख कारण छन् भने महिलाहरूमा दाइजो, घरेलु हिंसा र मानसिक दबाब मुख्य समस्या बनेका छन्।

बालबालिका तथा किशोर–किशोरीमा समेत आत्महत्या दर बढ्दो छ । कम उमेरमै प्रेम सम्बन्धमा पर्ने, परिवारबाट अस्वीकार गरिनु, जबर्जस्ती विवाह जस्ता कारणले उनीहरू गम्भीर मानसिक दबाबमा पर्ने गरेका छन् । साथै, लागुऔषध प्रयोग र सामाजिक सञ्जालको दुरुपयोगले पनि जोखिम बढाएको देखिन्छ।

इन्सेक मधेश प्रदेश प्रमुख राजु पासमानका अनुसार अन्तरजातीय विवाहप्रति समाजमा अझै स्वीकृति नहुनु पनि आत्महत्याको एक प्रमुख कारण हो । उनले गरिबी न्यूनीकरण, स्वरोजगार प्रवद्र्धन र जातीय विभेदविरुद्ध कडा कानूनी कार्यान्वयनको आवश्यकता औंल्याएका छन्।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री फकिरा महतोले आत्महत्यालाई गम्भीर सामाजिक चुनौतीका रूपमा स्वीकार गर्दै यसको न्यूनीकरणका लागि स्थानीय तहको सक्रिय भूमिका अपरिहार्य रहेको बताएका छन् । उनका अनुसार मनोपरामर्श सेवा विस्तार, जनचेतना अभिवृद्धि र समुदायस्तरको सहकार्य आवश्यक छ।

विशेषज्ञहरूले विद्यालय तहदेखि नै मानसिक स्वास्थ्य शिक्षा सुरु गर्नुपर्ने, समुदायमा मनोविमर्श कार्यक्रम सञ्चालन गर्नुपर्ने तथा सडक नाटक, वृत्तचित्र र अन्तरक्रियामार्फत सचेतना फैलाउनुपर्नेमा जोड दिएका छन् । साथै, आर्थिक रूपमा कमजोर वर्गका लागि स्वरोजगार कार्यक्रम, सामाजिक सुरक्षा तथा सहुलियत योजनाको प्रभावकारी कार्यान्वयनले मात्र दीर्घकालीन समाधान सम्भव हुने देखिन्छ।

## लेखापालमाथि फायरिङ गरेर आतंक मच्चाएको आरोप

**मधेशदृष्टि**
**रौतहट।**
गरुडा नगरपालिकामा कार्यरत लेखापाल सत्यनारायण सहनीमाथि वैवाहिक समारोहमा हतियार प्रयोग गरी त्रास फैलाएको आरोप लागेको छ । स्थानीय स्रोतका अनुसार आइतबार राति करिब १२ बजेतिर गरुडा नगरपालिका वडा नं. ३, मलाही टोलमा आयोजित विवाह समारोहमा उनले दुई नाले भरुवा बन्दुकबाट आकाशतर्फ पटकपटक फायर गरेका थिए।

समारोह गान्धी सहनीकी छोरी ज्योति कुमारी सहनी र वडा नम्बर २ निवासी निरञ्जन सहनीबीचको विवाह थियो । समारोहमा जन्ती, आफन्त तथा गाउँका अन्य व्यक्तिको उपस्थिति रहेका बेला सहनीले ड्रोन क्यामेरालाई लक्षित गर्दै गोली चलाएको बताइएको छ । ड्रोन क्यामेरा उडिरहेको अवस्थामा फायर गरिएकाले कार्यक्रमस्थलमा केही समय अफरातफरीको स्थिति सिर्जना भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । घटनाबारे जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक विष्णु प्रदीप बस्यालले यस विषयमा प्रारम्भिक जानकारी नभएको बताउँदै अनुसन्धान अघि बढाइने जनाएका छन् । त्यस्तै, गरुडा नगरपालिकाका प्रशासकीय अधिकृत निलम कुमार न्यौपानेले पनि घटनाबारे ठोस धारणा नदिँदै 'आपसमा बसेर कुरा मिलाउने' संकेत दिएका छन् । उनको यस्तो अभिव्यक्तिले घटना ढाकछोप गर्न खोजिएको हो कि भन्ने आशंका स्थानीयमा बढेको छ।

घटना भएको तीन दिन बितिसक्दा पनि न त प्रहरी प्रशासनबाट ठोस कारबाही अघि बढाइएको छ, न त नगरपालिकाबाट कुनै अनुशासनात्मक कदम चालिएको छ । यसले स्थानीय स्तरमा राजनीतिक दबाब वा आर्थिक प्रभावका कारण घटना ढाकछोप हुन खोजिएको हो कि भन्ने आशंका उत्पन्न भएको छ।

यसैबीच, सहनी विगतमा पनि भ्रष्टाचारसम्बन्धी मुद्दामा मुछिएका व्यक्ति भएको तथ्य बाहिर आएको छ। आर्थिक वर्ष २०७४–७५ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत पर्सा जिल्लामा भएको अनियमिततासम्बन्धी प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीसहित ६ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । उनीमाथि सार्वजनिक खरिद ऐन विपरीत काम गरेको, लागत अनुमान टुक्र्याएर कोटेशनमार्फत काम गराएको तथा गुणस्तरहीन निर्माणमा संलग्न भएको आरोप थियो।

यद्यपि, विशेष अदालतले लामो सुनुवाइपछि २०८० जेठ २ गते सहनीलाई आरोपबाट सफाइ दिएको थियो । अदालतको फैसलामा उनी सम्बन्धित कार्यालयको स्थायी दरबन्दीभित्र नपरी काजमा खटिएको कर्मचारी भएको र व्यक्तिगत लाभ लिएको प्रमाण नदेखिएको उल्लेख गरिएको थियो।

हालको घटनाले पुनः सहनीको भूमिकामाथि प्रश्न उठाएको छ । सार्वजनिक पदमा रहेका कर्मचारीले यस्तो संवेदनशील व्यवहार देखाउनु कत्तिको उपयुक्त हो भन्ने बहस सुरु भएको छ । स्थानीयवासीले निष्पक्ष छानबिन गरी दोषीमाथि कानूनी कारबाही गर्न माग गरेका छन्।

## मटिहानीको गुरुकुलमा देशभरबाट विद्यार्थीको आगमन

**मधेशदृष्टि**
**महोत्तरी।**
मटिहानी नगरपालिका–७ स्थित राजकीय संस्कृत माध्यमिक विद्यालय, जसलाई देशकै पुरानो गुरुकुल परम्पराको धरोहर मानिन्छ, मा पछिल्लो समय देशभरबाट विद्यार्थीहरूको आकर्षण उल्लेख्य रूपमा बढ्दै गएको छ।




वि.सं. १७७५ मा स्थापित यस विद्यालयमा परम्परागत गुरुकुल शिक्षा प्रणालीअन्तर्गत धार्मिक संस्कार, वैदिक अध्ययन, सामाजिक मूल्य–मान्यता तथा खेलकुदसमेत समेटेर समग्र शिक्षा प्रदान गरिँदै आएको छ । यही कारणले अभिभावकहरू आफ्ना सन्तानलाई टाढा–टाढाबाट समेत यहाँ अध्ययनका लागि पठाउन उत्साहित देखिन्छन्।

विद्यालयका प्रधानाध्यापक ईश्वरी पौडेलका अनुसार नयाँ शैक्षिक सत्रका लागि दैलेख जिल्लाबाट तीन जना छात्र गुरुकुल शिक्षामा आवद्ध भएका छन्।

दुल्लु नगरपालिका–३ का सौगात कार्की, सुदीप कार्की र नवीन कार्कीले बटुकका रूपमा औपचारिक प्रवेश पाएका हुन्।

प्रधानाध्यापक पौडेलले गुरुकुल प्रणालीले धार्मिक अनुष्ठान (जस्तै शंखघोष, देवकार्य, पितृकार्य) सँगै अनुशासन र संस्कारमा आधारित जीवनशैली सिकाउने भएकाले अभिभावकहरूको विश्वास बढ्दै गएको बताए। उनले मधेश र पहाडबीच शैक्षिक तथा भावनात्मक सम्बन्ध जोड्न यस्तो अभ्यासले महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे।

उनका अनुसार दैलेखबाट विद्यार्थी आउने क्रम विगत २२ वर्षदेखि निरन्तर छ । सो जिल्लाबाट पहिलोपटक देवर्षि नेपालले यहाँ अध्ययन गरेका थिए, जो हाल शिक्षा सेवा आयोगमार्फत स्थायी नियुक्ति पाई मनरा सिस्वा नगरपालिका मा कार्यरत छन्।

नयाँ आएका छात्रहरूलाई गुरुकुल परम्परा अनुसार मुण्डन संस्कार गराई, रुद्राक्षको माला धारण गराउँदै वैदिक मन्त्रोच्चारणबीच विधिवत् रूपमा 'बटुक'का रूपमा प्रवेश गराइएको विद्यालयले जनाएको छ।

परम्परागत शिक्षा र आधुनिक सन्दर्भबीच सन्तुलन कायम गर्दै अघि बढिरहेको यस गुरुकुलले गुणस्तरीय शिक्षामार्फत देशभरका अभिभावकको भरोसा जित्न सफल भइरहेको देखिन्छ।

## पाँच महिना पुग्दा पनि कता रोकियो एकीकरण प्रक्रिया ?

*मधेशका अन्य दलहरू - जस्तै राष्ट्रिय मुक्ति पार्टी, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टी - सँग समेत एकीकरण वा सहकार्यका विषयमा आन्तरिक छलफल भइरहेको जानकारी दिएका छन् । समग्रमा, राजनीतिक रूपमा एकता घोषणा भइसके पनि कानूनी र प्राविधिक प्रक्रिया पूरा नहुँदा जसपा–लोसपा एकता अझै अपूर्ण अवस्थामै रहेको देखिएको छ ।*



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबीच घोषणा गरिएको एकता पाँच महिनाभन्दा बढी बितिसक्दा पनि अझै पूर्ण रूपमा टुंगोमा पुग्न सकेको छैन । निर्वाचन आयोगले केही प्राविधिक त्रुटि औंल्याउँदै आवश्यक कागजात सच्याउन पत्र पठाएपछि प्रक्रिया पुनः सक्रिय भएको छ।

दुवै दलबीच एकता भई एउटै चुनाव चिह्नबाट निर्वाचनमा सहभागिता जनाइसके पनि औपचारिक रूपमा एकीकृत संरचना पूरा गर्न बाँकी रहेको देखिएको छ । आयोगले विशेषगरी एउटै व्यक्तिको नाम दुई फरक दलमा देखिएको विषय सच्याउन निर्देशन दिएको छ।

पार्टीका नेता जितेन्द्र सोनलका अनुसार एकता प्रक्रियामा समावेश गरिएका केही नाम अन्य दलको विवरणमा समेत दोहोरिएको पाइएकाले त्यसलाई सच्याउनुपर्ने अवस्था आएको हो। 'एक व्यक्ति दुई दलमा देखिने समस्या मिलाउन आयोगले भनेको छ,' उनले बताएका छन्।

गत पुस दोस्रो साता यी दुई दलबीच एकता घोषणा गरिएको थियो । त्यसअघि जनता प्रगतिशील पार्टी र तराई मधेश लोकतान्त्रिक पार्टी पनि लोसपासँग एकीकृत भएका थिए, जसले पछि जसपा नेपालसँगको एकतामा समाहित हुने प्रक्रिया अघि बढाएको थियो।

तर, एकता घोषणापछि पनि ती दलहरूको निर्वाचन आयोगमा दर्ता स्थिति स्पष्ट रूपमा टुंग्याइएको छैन । विशेषगरी वृषेशचन्द्र लालले आफू एकता प्रक्रियामा नरहेको सार्वजनिक गरिसकेका छन् भने त्रिपाठी नेतृत्वको दलले पनि आफ्नो पार्टी दर्ता खारेज नगरेसम्म एकता पूर्ण नहुने संकेत दिएको छ।

जसपा नेपालका नेता डा. सुरेन्द्र झाका अनुसार चार दलको एकताबाट पार्टी बनेको भए पनि केही प्राविधिक पक्ष मिलाउन बाँकी छ । 'लोसपातर्फ खास समस्या छैन, तर अन्य दलहरूको दर्ता स्थिति मिलाउनुपर्ने देखिएको छ,' उनले बताएका छन्।

पार्टीले सम्बन्धित नेताहरूसँग संवाद जारी राखेको जनाउँदै उनले छिट्टै सबै प्रक्रिया टुंगिने दाबी गरेका छन्। साथै, मधेशका अन्य दलहरू—जस्तै राष्ट्रिय मुक्ति पार्टी, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टी—सँग समेत एकीकरण वा सहकार्यका विषयमा आन्तरिक छलफल भइरहेको जानकारी दिएका छन्।

समग्रमा, राजनीतिक रूपमा एकता घोषणा भइसके पनि कानूनी र प्राविधिक प्रक्रिया पूरा नहुँदा जसपा–लोसपा एकता अझै अपूर्ण अवस्थामै रहेको देखिएको छ।

## सिरहाका चार स्थानीय तह प्रमुख प्रशासकीय अधिकृतविहीन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सिरहा जिल्ला का चार स्थानीय तहमा संघीय सरकारबाट सरुवा गरिएका प्रमुख प्रशासकीय अधिकृतहरू लामो समयसम्म हाजिर नहुँदा प्रशासनिक नेतृत्व अभाव देखिएको छ । यसले विशेषगरी आर्थिक तथा विकास निर्माणका काममा प्रत्यक्ष असर परेको स्थानीय तहहरूको गुनासो छ।

लहान नगरपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत उपसचिव जयकान्त झा बैशाख ५ गते अवकाश पाएपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ले उपसचिव दुर्गाप्रसाद भूर्तेल लाई सरुवा गरेको थियो। तर, बैशाख ८ गतेमै सरुवा गरिएको भए पनि उनी हालसम्म हाजिर भएका छैनन्।

यस्तै, कल्याणपुर नगरपालिका मा खटाइएका उपसचिव विश्वरुप दाहाल, धनगढीमाई नगरपालिका मा पठाइएका मोहन निरौला तथा गोलबजार नगरपालिका मा सरुवा गरिएका रूपनारायण खतिवडा समेत हालसम्म कार्यस्थलमा उपस्थित नभएको सम्बन्धित पालिकाहरूले जनाएका छन्।

लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीका अनुसार प्रमुख प्रशासकीय अधिकृत नहुँदा योजना कार्यान्वयन र दैनिक प्रशासनिक काम ठप्पजस्तै बनेको छ। 'असार मसान्त नजिकिँदै गर्दा विकास योजनाहरूलाई गति दिनुपर्ने बेला हो, तर नेतृत्व अभावले काम प्रभावित भएको छ,' उनले बताए।

त्यस्तै, कल्याणपुर नगरपालिकाकी कार्यवाहक प्रमुख रेखाकुमारी यादवले पनि आर्थिक तथा प्रशासनिक निर्णय प्रक्रियामा कठिनाइ उत्पन्न भएको उल्लेख गरिन्।

'यो अत्यन्तै महत्वपूर्ण समय हो, यस्तो अवस्थामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा योजना कार्यान्वयनमै चुनौती थपिएको छ,' उनले भनिन्।

यता, सरुवा भइसकेका अधिकृतहरू किन कार्यस्थलमा हाजिर नभएको भन्ने विषयमा मन्त्रालय मौन देखिएको छ । मन्त्रालयकी सचिव चन्द्रकला पौडेलले यसबारे प्रतिक्रिया दिन अस्वीकार गरिन्।

स्थानीय तहहरूले शीघ्र रूपमा प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराई प्रशासनिक तथा विकास निर्माणका कामलाई सहज बनाउन संघीय सरकारसँग माग गरेका छन्।

## मटिहानीमा सीपमूलक तालिम सुरुः

# माला निर्माणबाट महिलालाई आत्मनिर्भर बनाउने लक्ष्य



**मधेशदृष्टि**
**महोत्तरी।**
मटिहानी नगरपालिकामा पोते तथा क्रिस्टल माला बनाउने सीपमूलक तालिम मंगलबारदेखि औपचारिक रूपमा सुरु भएको छ। नगर प्रमुख हरि प्रसाद मण्डलले कार्यक्रमको उद्घाटन गर्दै यस्ता तालिमले स्थानीय महिला र किशोरीहरूको आर्थिक सशक्तीकरणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।
एक महिनासम्म सञ्चालन हुने तालिममा ३० जना महिला तथा किशोरीहरूको सहभागिता रहेको छ। कार्यक्रम प्रमुख प्रशासकीय अधिकृत अर्जुन कुमार मण्डलको सभापतित्वमा सम्पन्न भएको हो। उद्घाटन समारोहमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख दिपा दास र प्रशिक्षक सुधिरा मण्डलले तालिमको उद्देश्य र आवश्यकताबारे प्रकाश पारेका थिए।
यस तालिममार्फत सहभागीहरूलाई सीप विकाससँगै स्वरोजगारतर्फ प्रेरित गर्दै आत्मनिर्भर बन्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# समान्य विवाद झडपमा परिणत हुँदा दुईजना सुरक्षाकर्मी घाइते

**मधेशदृष्टि**
**वीरगंज।**
सीमावर्ती क्षेत्रमा नियमित चेकजाँचका क्रममा उत्पन्न विवाद झडपमा परिणत हुँदा दुईजना सुरक्षाकर्मी सामान्य घाइते भएका छन्। वीरगंज महानगरपालिकास्थित अलखिया मठ अगाडि सशस्त्र प्रहरी बल नेपालद्वारा सञ्चालन गरिएको चेकजाँचका क्रममा उक्त घटना भएको हो।
प्राप्त जानकारीअनुसार चेकजाँचका क्रममा तस्करीमा संलग्न भनिएका केही महिलाबाट सामान नियन्त्रणमा लिन खोज्दा विवाद सुरु भएको थियो। विवाद बढ्दै जाँदा झडपको अवस्था सिर्जना भएको र सो क्रममा सशस्त्र प्रहरीका दुई जवान सामान्य घाइते भएका जनाइएको छ। झडपपछि सुरक्षाकर्मीले महिलाहरूबाट एक पोका सेन्डो गन्जी नियन्त्रणमा लिई भन्सार कार्यालय वीरगञ्जमा बुझाएका छन्।
घटनामा संलग्न महिलाहरूलाई नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ। सशस्त्र प्रहरीले सीमावर्ती क्षेत्रमा अवैध ओसारपसार तथा तस्करी नियन्त्रणका लागि नियमित रूपमा चेकजाँच अभियान सञ्चालन गर्दै आएको छ। पछिल्लो समय यस्ता गतिविधि बढ्दै गएको भन्दै सुरक्षा निकायले निगरानी थप कडा बनाएको जनाएको छ।

# सडकको केन्द्रविन्दु निर्धारण गर्ने प्रक्रिया सुरु



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको मुख्य सडकका रूपमा रहेको त्रिभुवन राजपथ विस्तार कार्यलाई व्यवस्थित बनाउन आजदेखि सडकको केन्द्रविन्दु निर्धारण गर्ने प्रक्रिया सुरु गरिएको छ। सोमबार बसेको सरोकारवालाहरूको संयुक्त बैठकले सडक विस्तारलाई थप स्पष्ट र प्रभावकारी बनाउन आधिकारिक नक्साअनुसार केन्द्रविन्दु पहिचान गरी सो स्थानमा स्टिलका किल्ला गाड्ने निर्णय गरेको हो। यसअघि सडक विस्तारका क्रममा केही संरचना हटाइए पनि सडकको वास्तविक केन्द्रभाग स्पष्ट नभएकाले स्थानीयवासी अन्योलमा परेका थिए।
'कहाँसम्म संरचना हटाउने ?' भन्ने जिज्ञासा लामो समयदेखि उठ्दै आएको थियो। अब भने आधिकारिक नक्साका आधारमा केन्द्रविन्दु तय गरिने भएकाले सडकको दायाँ–बायाँ बराबर दूरी कायम गर्दै आवश्यक चौडाइ सुनिश्चित गर्न सहज हुने विश्वास गरिएको छ। नापजाँच कार्यका लागि आवश्यक प्राविधिक तथा भौतिक सामग्री सडक डिभिजन कार्यालय हेटौँडाले उपलब्ध गराएको छ भने नक्सा तथा मापनसम्बन्धी काम नापी कार्यालय पर्साले गरिरहेको छ।
सडक डिभिजन कार्यालयका इन्जिनियर भोला प्रसाद साहका अनुसार मंगलबार बिहानदेखि नै नापजाँच औपचारिक रूपमा सुरु गरिएको हो। यसका लागि सडक डिभिजन कार्यालय, नापी कार्यालय, जिल्ला प्रशासन कार्यालय र वीरगंज महानगरपालिकाको संयुक्त कार्यदल गठन गरिएको छ।

# भन्सार छलिका सामानसहित चारवटा मोटरसाइकल नियन्त्रणमा

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाही प्रहरीले भन्सार छलि गरेर नेपाल भित्र्याइएका कपडा तथा किराना सामानसहित चारवटा मोटरसाइकल नियन्त्रणमा लिएको छ।
जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरी टोलीले गए राति करिब १२ बजे पर्सा गाउँपालिका क्षेत्रमा गस्ती गर्ने क्रममा शंकास्पद अवस्थामा रहेका मोटरसाइकल र त्यसमा लोड गरिएको तस्करीको सामन फेला पारेको हो। प्रहरी टोलीलाई देख्ने बित्तिकै मोटरसाइकलमा सवार व्यक्तिहरू सामानसहितका सवारी साधन त्यहीँ छाडेर फरार भएका थिए।
बि.आर. ३० एच २६२८,बि आर ३० एफ ३०८७, बि आर ३० एच ०५३५ र बि आर ३३ जी ३१७५ नम्बरका मोटरसाइकल बरामद गरिएको प्रहरीले जानकारी दिएको छ।
प्रहरीले बरामद सामान आवश्यक कारबाहीका लागि सर्लाही भन्सार कार्यालय मलंगवामा बुझाएको सूचना अधिकारी, प्रहरी निरीक्षक बिन्देश्वर यादबले जानकारी दिए।

# किशोरी सशक्तीकरणतर्फ कदमः मटिहानीमा आत्मरक्षा तालिम सुरु



**मधेशदृष्टि**
**महोत्तरी।**
किशोरीहरूको आत्मविश्वास र सुरक्षालाई सुदृढ बनाउने उद्देश्यले मटिहानी नगरपालिकाले आत्मरक्षा (सेल्फ डिफेन्स) सम्बन्धी जीवनोपयोगी तालिम सुरु गरेको छ। चार दिनसम्म सञ्चालन हुने यस आधारभूत तालिममा मटिहानी, मझौरा, सिमरदही र सिरसियाका माध्यमिक विद्यालयहरूबाट ४० जना छात्रा किशोरीहरूको सहभागिता रहेको छ।
एक औपचारिक कार्यक्रमका बीच नगर प्रमुख हरि प्रसाद मण्डलले तालिमको उद्घाटन गरेका हुन्। प्रमुख प्रशासकीय अधिकृत अर्जुन कुमार मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपप्रमुख मंजु देवी साह, वडा अध्यक्षहरू रितेश साह र जितनारायण माझी, महिला तथा बालबालिका शाखा प्रमुख दिपा दास, साथै प्रशिक्षकहरू पिंकी शर्मा र टंक प्रसाद उपाध्यायले तालिमको महत्त्व र उद्देश्यबारे धारणा राखेका थिए।
तालिम अवधिभर सहभागी किशोरीहरूलाई आत्मरक्षाका आधारभूत सीपहरू सिकाइने छ, जसले उनीहरूलाई दैनिक जीवनमा आत्मनिर्भर र सुरक्षित बन्न सहयोग पु¥याउने विश्वास गरिएको छ।

# करिब ३ अर्ब रुपैयाँको विद्युतीय सवारी आयात

**मधेशदृष्टि**
**वीरगंज।**
चालु आर्थिक वर्षको नौ महिनामा वीरगंज नाका हुँदै दुई अर्ब ९८ करोड रुपैयाँको विद्युतीय सवारीसाधन आयात गरिएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा विद्युतीय सवारीसाधन १०२ प्रतिशत अर्थात् एक अर्ब ५० करोड रुपैयाँ बढीको आयात भएको हो।
वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आर्थिक वर्षको नौ महिनामा विद्युतीय सवारीसाधन आयात शतप्रतिशतले वृद्धि भएको बताए। यही अवधिमा एक अर्ब ४६ करोड रुपैयाँको ४९३ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको छ।
चालु आवमा ९६ करोड रुपैयाँको सात हजार ३९८ वटा विद्युतीय मोटरसाइकल आयात भएको छ। त्यसैगरी चालु आवको नौ महिनामा ५३ करोड रुपैयाँको चार हजार ६०६ वटा विद्युतीय तीन पाङ्ग्रे सवारीसाधन आयात भएको छ।

# अर्थतन्त्रको आकार ६६ खर्ब पुग्ने प्रारम्भिक अनुमान



**काठमाडौं।**
राष्ट्रिय तथ्याङ्क कार्यालयले चालु आर्थिक वर्षमा नेपालको अर्थतन्त्रको आकार ६६ खर्ब पुग्ने प्रारम्भिक अनुमान गरेको छ। मंगलबार काठमाडौंमा वार्षिक राष्ट्रिय लेखा अनुमान सार्वजनिक गर्दै कार्यालयले अर्थतन्त्रको आकार ६६ खर्ब पुग्ने प्रारम्भिक अनुमान रहेको जनाएको हो। आर्थिक वर्ष २०८१/८२ मा अर्थतन्त्रको आकार ६१ खर्ब ९९ अर्ब रहेको संशोधित अनुमान सार्वजनिक गरिएको थियो।
त्यसैगरी, आर्थिक वृद्धिदर मापन गर्नको लागि स्थिर मूल्यमा मापन गरिएको कुल गार्हस्थ्य उत्पादन प्रयोग गरिएको कार्यालयले जनाएको छ। जसअनुसार, चालू आर्थिक वर्षमा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.६८ प्रतिशत र उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी डा कमल प्रसाद पोख्रेलले जानकारी दिए।
त्यस्तै आर्थिक वर्ष २०८२/८३ मा कृषि क्षेत्रको १.५८ प्रतिशत र गैरकृषि क्षेत्रको ४.५४ प्रतिशत वृद्धिदर हुने प्रारम्भिक अनुमान रहेको उनले बताए। नीति निर्माणका क्रममा तथ्याङ्कको अधिकतम प्रयोगका लागि समेत तथ्याङ्क कार्यालयका आँकडा महत्त्वपूर्ण हुने उनको भनाइ छ। उनले अन्तराष्ट्रिय मापदण्डका आधारमा नै तथ्याङ्क बनाउने गरेको उल्लेख गरे। त्यस्तै आर्थिक वर्ष २०८२/८३ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,५३५ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान गरिएको छ।
आर्थिक वर्ष २०८२/८३ मा निर्माण क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ५.५२ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर २.२१ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ भने वित्तीय तथा बिमा क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ६.७२ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर ९.१६ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ।

# कर्णाली प्रदेश सभा सचिवमा अर्जुनकुमार खड्का नियुक्त



**सुर्खेत।**
कर्णाली प्रदेशसभा सचिवालयको सचिवमा डा. अर्जुनकुमार खड्का नियुक्त भएका छन्। खड्कालाई सभामुख नन्दा गुरुङले मङ्गलवार प्रदेशसभाको सचिवमा नियुक्त गरेकी हुन्। खड्काले मङ्गलबार नै पद तथा गोपनीयताको शपथ लिएका छन्। उनले सभामुख गुरुङ समक्ष पद तथा गोपनीयता शपथ लिएका हुन्।
खड्काले मङ्गलवार नै पदभार ग्रहण गरेका छन्। नेपाल सरकारका पूर्व सहसचिवसमेत रहेका खड्का ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका–९, का स्थायी निवासी हुन्। खड्कासँग सङ्घीय संसद् सचिवालयमा पाँच वर्ष कानुनी सहसचिवको रूपमा काम गरेका थिए। साथै उनले कानुन र न्यायको क्षेत्रमा ४० वर्ष काम गरेको अनुभव छ। कानुन विषयमै विद्यावारिधि गरेका उनले सार्वजनिक प्रशासन विषयमा सिङ्गापुरको नेशनल युनिभर्सिटीबाट स्नातकोत्तर गरेका छन्। नेपालको संविधान निर्माणका क्रममा संविधानको मस्यौदा समितिमा रहेर काम गरेका उनी २०७४ सालमा कर्णाली प्रदेशसभाको पहिलो अधिवेशन सञ्चालनका क्रममा हप्ता दिनसम्म प्रदेशसभामै बसेर बैठक सञ्चालनको सहजीकरण समेत गरेका थिए। कर्णाली प्रदेश सभाका तत्कालीन सचिव जीवराज बुढाथोकीले ६५ वर्ष उमेर पुगेसँगै चैत २५ गते राजीनामा दिएका थिए। त्यसयता रिक्त रहेको पदमा खड्का नियुक्त भएका हुन्।

# विद्यालय तहमा मंगलबारदेखि नयाँ शैक्षिकसत्र सुरु

**काठमाडौँ।**
सरकारको निर्णय अनुसार मंगलबार देखि नयाँ शैक्षिकसत्र सुरु भएको छ। सरकारको वैशाख १५ गतेदेखि विद्यालय तहको शैक्षिकसत्र सुरु गर्ने निर्णय गरेको थियो।
विगतमा वैशाख २ गतेदेखि शैक्षिकसत्र सुरु हुँदै आएकोमा वार्षिक परीक्षा नसकिँदै निजी विद्यालयले भर्ना लिने क्रम रोक्न र इन्धनको असहज आपूर्ति हुने स्थितिमा वैशाख १५ गतेदेखि विद्यालयमा भर्ना सुरु गर्ने निर्णय गरेको थियो। तर कतिपय स्थानीय तहको सहजीकरणमा वैशाख १५ गतेअगावै विद्यार्थी भर्ना भइसकेका छन्। सरकारले निजी (संस्थागत) विद्यालयहरुमा लिइँदै आएको कानुनविपरीत भर्ना र अन्य शुल्क फिर्ता गराउन गत चैत २२ गते निर्देशन दिएको थियो।




शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कानुनविपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारितबाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाउन सम्बन्धित सबै स्थानीय तहहरुलाई अनुरोध गरेको थियो।
विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिक सत्र सुरु नभएको तथा शिक्षा नियमावली, २०५९ को नियम ७८ (१) (ग) बमोजिम लब्धाङ्कपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिइएको थियो।
न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले शिक्षा नियमावली, २०५९ अनुसार शैक्षिक सुरु भएपछि विद्यार्थी भर्ना प्रक्रिया सञ्चालन गर्नुपर्ने आदेश दिएको थियो। यसअघि हरेक वैशाख २ गतेदेखि शैक्षिकसत्र सञ्चालन हुँदै आएको थियो। आदेशमा परीक्षा नतिजा, शैक्षिक सत्र र आवश्यक प्रमाणपत्रबीच समन्वय कायम गर्नुपर्ने उल्लेख गरिएको छ। अदालतले सम्बन्धित निकायलाई प्रचलित कानुनअनुसार कार्य गर्न निर्देशन दिँदै विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्नसमेत आदेश गरेको छ।
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा गत चैत ५ गते प्रकाशित सूचनामा वार्षिक परीक्षा सम्पन्न गरी नतिजा प्रकाशनपश्चात् नयाँ शैक्षिक सत्र २०८३ सुरु भएपछि मात्रै भर्ना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइएको थियो।

# चिया बजारको पहिचान र युवा तथा महिला उद्यमीलाई प्रोत्साहन दिइनेछः मन्त्री चौधरी

**काठमाडौँ।**
कृषि तथा पशुपन्छी विकास र वन तथा वातावरणमन्त्री गिता चौधरीले आगामी वर्ष चियामा लगानी बढाउने, नयाँ बजारको पहिचान गर्ने र युवा तथा महिला उद्यमीलाई प्रोत्साहन दिइने बताएकी छन्। मङ्गलबार ३० औँ राष्ट्रिय चिया दिवसको अवसरमा मन्त्री चौधरीले लगानी बढाउने, नयाँ बजारको पहिचान गर्ने र युवा तथा महिला उद्यमीलाई प्रोत्साहन दिइने बताएकी हुन्।
वैशाख १५ गते राष्ट्रिय चिया दिवस मनाइँदै आएको छ। नेपालको निर्यातजन्य प्रमुख कृषि बालीहरू मध्ये चिया एक हो। देशभर ३१ वटा जिल्लामा चिया खेती फैलिएको छ।



भने १५ हजार भन्दा बढी कृषकहरू यसमा निर्भर रहेका छन्। त्यसैगरी १७१ वटा टि – स्टेट र साना मझौला गरी १२० वटा चिया प्रशोधन केन्द्रहरूमार्फत करिब ६० हजार प्रत्यक्ष रोजगारी सिर्जना गरेको छ। मुलुकको व्यापार घाटा चुलिँदै गएको अवस्थामा ४ अर्ब ५९ करोड रुपैयाँ बराबरको चिया नेपालले निर्यात गर्दै आएको छ।
विभिन्न चुनौतीहरूका बाबजुत पनि चिया कृषक, मजदुर, सहकारी, उद्योगी÷व्यवसायी लगायत अन्य सरोकारवालाहरूको अथक प्रयासका कारण नै आज नेपाली चियाले विश्व बजारमा आफ्नो दरिलो उपस्थिति देखाउन सफल भएको उनको भनाइ छ।

# निजी सञ्चारमाध्यममाथि सरकारी विज्ञापन प्रतिबन्धको निर्णयप्रति आपत्तिः

## प्रधानमन्त्रीलाई खुला पत्रमार्फत पुनर्विचारको माग

**मधेशदृष्टि**
**वीरगंज।**
निजी सञ्चारमाध्यममाथि सरकारी विज्ञापनमा लगाइएको प्रतिबन्धको निर्णयविरुद्ध वीरगंजका एक पत्रकारले प्रधानमन्त्रीसमक्ष गम्भीर ध्यानाकर्षण गराएका छन्। करिब एक दशकदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील रहेका वीरगंजका शम्भु कुमार सुमनले खुला पत्र सार्वजनिक गर्दै उक्त निर्णयले निजी तथा सामुदायिक सञ्चारमाध्यमहरूलाई गम्भीर आर्थिक संकटमा धकेलेको उल्लेख गरेका छन्।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट जारी गरिएको पत्रका आधारमा संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायहरूले अब सूचना तथा विज्ञापन गोरखापत्र, नेपाल टेलिभिजन र रेडियो नेपालमा मात्र दिनुपर्ने व्यवस्था लागू भएपछि निजी सञ्चारमाध्यमहरू पूर्ण रूपमा सरकारी विज्ञापनबाट वञ्चित भएका छन्। सुमनका अनुसार २०८२ चैत १८ गते जारी गरिएको उक्त निर्णयले निजी सञ्चारमाध्यमहरूको आम्दानीको प्रमुख स्रोत नै बन्द गरिदिएको छ, जसका कारण अधिकांश मिडिया संस्था आर्थिक संकटमा फसेका छन्।

खुला पत्रमा उल्लेख गरिएअनुसार, पहिले नै आर्थिक अभाव झेलिरहेका निजी तथा सामुदायिक सञ्चारमाध्यमहरू अहिले थप समस्यामा परेका छन्। सञ्चारमाध्यममा कार्यरत पत्रकार तथा कर्मचारीहरूले नियमित तलबसमेत पाउन नसकेको अवस्था सिर्जना भएको छ। यसले उनीहरूको दैनिक जीवनयापनमा प्रत्यक्ष असर पारेको छ भने लामो समयसम्म यही अवस्था कायम रहे धेरै सञ्चारमाध्यम बन्द हुने र हजारौंको रोजगारी गुम्ने खतरा बढेको पनि पत्रमा औंल्याइएको छ।

पत्रकार सुमनले जनस्तरमा एउटा भ्रम फैलिएको पनि उल्लेख गरेका छन्। उनका अनुसार सरकारी विज्ञापनमा विगतमा भएको अनियमितता रोक्न सरकारले यस्तो निर्णय गरेको भन्ने बुझाइ आम नागरिकमा देखिएको छ। तर, उनले त्यसलाई पूर्ण सत्य नभएको दाबी गरेका छन्। उनी भन्छन् 'विज्ञापनमा भएका अनियमितता रोक्न आवश्यक भएपनि केही व्यक्तिको गल्तीका कारण सम्पूर्ण निजी सञ्चारमाध्यमलाई दण्डित गर्नु न्यायसंगत हुँदैन'।

खुला पत्रमा विगतमा सरकारी विज्ञापनमा भएको अनियमितताबारे प्रकाशित समाचारहरूलाई आधार बनाउँदै, ती रकम सिधै मिडिया हाउससम्म नपुगी बीचमै हराउने गरेको उल्लेख गरिएको छ। सुमनका अनुसार, विज्ञापन एजेन्सीहरूले बिचौलियाको रूपमा काम गर्दै ठूलो हिस्सा आफैं राख्ने गरेका थिए। सामान्यतया कुनैपनि व्यवसायमा १० देखि १५ प्रतिशतसम्म नाफा लिन पाइने व्यवस्था भएपनि ती एजेन्सीहरूले ७० देखि ८० प्रतिशतसम्म रकम लिने गरेको आरोप उनले लगाएका छन्। यसै सन्दर्भमा उनले प्रश्न उठाएका छन् 'यदि अनियमितता विज्ञापन एजेन्सीबाट भएको हो भने प्रतिबन्ध पनि तिनै एजेन्सीमाथि लगाउनु पर्ने होइन र ?' निजी सञ्चारमाध्यमलाई लक्षित गरेर गरिएको निर्णयले वास्तविक समस्या समाधान नगर्ने बरु झन जटिल बनाउने उनको तर्क छ।

पत्रमा अर्को महत्वपूर्ण पक्ष पनि उठाइएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यसअघि नै विज्ञापनमा हुने अनियमितता रोक्न कदम चालेको उल्लेख गर्दै सुमनले स्थानीय तहहरूलाई विज्ञापनसम्बन्धी कारोबार गर्दा सम्बन्धित सञ्चारमाध्यमको बिल अनिवार्य रूपमा पेश गर्नुपर्ने निर्देशन दिइएको स्मरण गराएका छन्। यस कदमपछि अनियमिततामा कमी आएको र प्रणाली सुधार हुँदै गएको उनको दाबी छ।

तर, यस्तो सकारात्मक सुधार भइरहेका बेला सरकारले एकैचोटि निजी सञ्चारमाध्यमलाई नै प्रतिबन्ध लगाउनु गलत निर्णय भएको उनको भनाइ छ। यदि यही प्रतिबन्ध विज्ञापन एजेन्सीहरूमा लगाइएको भए अनियमितता पूर्ण रूपमा नियन्त्रणमा आउने र सञ्चारमाध्यमहरूलाई असर नपर्ने उनले स्पष्ट पारेका छन्।

खुला पत्रमा लोककल्याणकारी विज्ञापनसम्बन्धी अर्को समस्या पनि उठाइएको छ। लामो समयदेखि सरकारले उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापनको भुक्तानीसमेत अब अनिश्चित भएको उल्लेख गरिएको छ। विज्ञापन बोर्डले रकम अभाव देखाउँदै बैशाख महिनादेखि नियमित भुक्तानी गर्न नसक्ने संकेत दिएको बताइएको छ। यसले निजी सञ्चारमाध्यमहरूलाई थप आर्थिक संकटमा धकेल्ने खतरा बढेको छ।

त्यसैगरी, वर्तमान आर्थिक अवस्थाका कारण निजी क्षेत्रका उद्योगी–व्यवसायीहरूले पनि विज्ञापन दिन छाडेको अवस्था रहेको सुमनले उल्लेख गरेका छन्। व्यापार–व्यवसाय सुस्ताएको कारण विज्ञापन खर्च घटेको छ। यस्तो अवस्थामा सरकारी विज्ञापनसमेत बन्द हुँदा सञ्चारमाध्यम सञ्चालन गर्न अत्यन्तै कठिन भएको उनको भनाइ छ।

पत्रमा सरकारको भूमिकामाथि प्रश्न उठाउँदै उनले सञ्चारमाध्यमको संरक्षण पनि राज्यको दायित्वभित्र पर्ने बताएका छन्। लोकतन्त्रमा स्वतन्त्र र सशक्त सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुने भएकाले तिनको संरक्षण गर्न सरकार जिम्मेवार हुनुपर्ने उनले उल्लेख गरेका छन्।

सुमनले आफू लगायत धेरै पत्रकारहरू पत्रकारिता क्षेत्रलाई स्वच्छ बनाउन चाहने बताए पनि त्यसका लागि नियमन आवश्यक भएको स्पष्ट पारेका छन्। तर, सञ्चारमाध्यम सञ्चालनको प्रमुख आधार नै विज्ञापन भएकाले सोही स्रोत बन्द गर्नु समस्याको समाधान नभएको उनको निष्कर्ष छ।

पत्रमा उनले वैकल्पिक उपायहरू पनि सुझाएका छन्। उनका अनुसार संघीय संरचनाअनुसार सञ्चारमाध्यम र विज्ञापन वितरण प्रणालीलाई पनि तीन तहमा विभाजन गर्न सकिन्छ। संघीय सरकारका विज्ञापन केन्द्रस्तरीय सञ्चारमाध्यममा, प्रदेशका विज्ञापन प्रदेशस्तरीय मिडियामा र स्थानीय तहका विज्ञापन स्थानीय सञ्चारमाध्यममा दिन सकिने प्रस्ताव उनले गरेका छन्।

यसका साथै, योजना तथा टेन्डर सूचनाको लागि रकमको सीमा निर्धारण गर्न सकिने सुझाव पनि उनले दिएका छन्। उदाहरणका लागि पाँच करोडभन्दा माथिका योजनाका सूचना केन्द्रस्तरीय पत्रिकामा, एकदेखि पाँच करोडसम्मका प्रदेशस्तरीयमा र एक करोडभन्दा कमका स्थानीय स्तरका पत्रिकामा प्रकाशन गर्ने व्यवस्था गर्न सकिने उनको भनाइ छ।

पत्रकार सुमनले अर्को महत्वपूर्ण सुझाव पनि दिएका छन् सबै पत्रिकाहरूलाई आफ्नो वेबसाइटमा अनिवार्य रूपमा पीडीएफ संस्करण अपलोड गर्नुपर्ने व्यवस्था गर्नुपर्ने। यसले गोप्य रूपमा हुने टेन्डर प्रक्रियामा पारदर्शिता ल्याउने र मिलेमतो रोक्न सहयोग पुग्ने उनको विश्वास छ।

उनले गोरखापत्रमा मात्र सबै तहका सूचना प्रकाशन गर्नुपर्ने व्यवस्थाले सरकारको आर्थिक भार बढ्ने खतरा पनि औंल्याएका छन्। स्थानीय स्तरमा सस्तोमा हुने सूचना प्रकाशन गोरखापत्रमा गर्दा बढी खर्च लाग्ने र प्रभावकारिता पनि कम हुने उनको तर्क छ। त्यस्तै, स्थानीय सूचना राष्ट्रिय प्रसारण माध्यमबाट प्रसारण गर्दा लागत बढी हुने तर प्रभाव सीमित रहने उनले उल्लेख गरेका छन्।

अन्त्यमा, सुमनले प्रधानमन्त्रीप्रति जनताको उच्च भरोसा रहेको स्मरण गराउँदै उक्त निर्णयमा पुनर्विचार गर्न आग्रह गरेका छन्। उनले सरकारको यो कदम असान्दर्भिक भएको भन्दै सञ्चारमाध्यम, पत्रकार र रोजगारीमाथि पर्ने गम्भीर असरलाई ध्यानमा राखी व्यवहारिक समाधान खोज्नुपर्ने बताएका छन्।

यो खुला पत्रले अहिले निजी सञ्चारमाध्यम क्षेत्रमा बढ्दो चिन्ता, असन्तोष र भविष्यप्रतिको अन्योललाई स्पष्ट रूपमा उजागर गरेको छ। साथै, सञ्चार क्षेत्रको स्थायित्व र पारदर्शिताका लागि नीति पुनरावलोकनको आवश्यकता औंल्याएको छ।

# रौतहटमा जसपाको आक्रोशः

## प्रदेश योजनामा अनियमितताको आरोप



**मधेशदृष्टि**
**रौतहट।**
मधेश प्रदेश सरकारमा सहभागी जनता समाजवादी पार्टी नेपालको जिल्ला कार्य समिति रौतहटले प्रदेशस्तरीय योजनाहरूमा भइरहेको भनिएको अनियमितताप्रति कडा आपत्ति जनाउँदै मंगलबार प्रमुख जिल्ला अधिकारीसमक्ष सामूहिक ज्ञापन पत्र बुझाएको छ। जिल्ला अध्यक्ष राजीव रंजन 'राजू' यादवको नेतृत्वमा गएको टोलीले प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाललाई ज्ञापन पत्र बुझाउँदै विशेषगरी पूर्वाधार विकास कार्यालय र पर्यटन विकास कार्यालय रौतहटका प्रमुखहरूको भूमिकामाथि प्रश्न उठाएको हो।

ज्ञापन पत्रमा भौतिक पूर्वाधारमन्त्री राजकुमार गुप्ताको कार्यशैलीका कारण जिल्लामा योजना कार्यान्वयन प्रक्रिया प्रभावित भएको आरोप लगाइएको छ। आर्थिक प्रलोभनका आधारमा योजनाहरू मनोमानी ढंगले वितरण भइरहेको उल्लेख गर्दै सार्वजनिक खरिद ऐनअनुसार पारदर्शी प्रक्रिया अपनाउन माग गरिएको छ।

यसैगरी, पूर्वाधार विकास कार्यालयका प्रमुख दीपक मिश्रालाई अन्य जिल्लामा सरुवा भइसकेपछि पुनः रौतहटमै पदस्थापन गरिनु भ्रष्टाचारलाई प्रोत्साहन दिने कदम भएको दाबी गरिएको छ। मिश्राले नियमित रूपमा कार्यालयमा उपस्थित नहुँदै दर्ता–चलानी किताब बाहिर राखी कमिशन लिएर आर्थिक वर्ष २०८२/०८३ का योजनाहरू 'बिक्रि' गर्ने गरेको आरोप समेत ज्ञापन पत्रमा समेटिएको छ।

ज्ञापन पत्रमा सर्वोच्च अदालतको निर्णय विपरीत प्रदेश सांसदहरूलाई प्रदान गरिँदै आएको पाँच–पाँच करोड रुपैयाँ बराबरका योजनाहरू तत्काल रोक्नुपर्ने, कथित संसदीय कोषअन्तर्गत रहेका ४६८ योजनाहरूमा भइरहेको कमिशनमुखी कार्यान्वयन बन्द गर्नुपर्ने, तथा 'निधि आवास' योजनाअन्तर्गत १५०० घर निर्माणमा देखिएको अनियमितता अन्त्य गर्नुपर्ने मागहरू उल्लेख छन्। जसपाका कार्यकर्ताहरूले राजनीतिक पहुँच र प्रभावका आधारमा नियुक्त भएका कार्यालय प्रमुख मिश्राले आफ्ना निकटस्थहरूलाई उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गर्न स्वीकृति पत्र वितरण गर्ने गरेको आरोप पनि लगाएका छन्।

मागहरूको बेवास्ता गरिए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी दिँदै जिल्ला अध्यक्ष यादवले सशक्त सडक संघर्षको संकेत दिएका छन्।

# एमआरपी अनिवार्य व्यवस्था विरुद्ध वीउवासंघको आपत्ति

## निर्णय फिर्ता लिन सरकारसँग माग

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज उद्योग वाणिज्य संघले आयात तथा निर्यात हुने वस्तुहरूमा अनिवार्य रूपमा अधिकतम खुद्रा मूल्य (एमआरपी) उल्लेख गर्नुपर्ने सरकारी निर्णयप्रति गम्भीर आपत्ति जनाउँदै उक्त व्यवस्था खारेज गर्न माग गरेको छ। नेपाल सरकार ले २०८२ चैत २६ गते जारी गरेको सूचनामार्फत भन्सार बिन्दुमा भित्रिने तथा स्वदेशमा उत्पादन हुने सबै वस्तुमा एमआरपी अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था लागू गर्ने तयारी गरेको थियो। यही निर्णयप्रति संघले असन्तुष्टि जनाउँदै यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न नसकिने जनाएको हो।

संघका अध्यक्ष हरि प्रसाद गौतमले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा यस्तो व्यवस्था एकाएक लागू गर्न खोजिएको भन्दै आयात व्यापार र आन्तरिक बजारमा नकारात्मक असर पर्ने चेतावनी दिएका छन्। उनका अनुसार, सम्बन्धित सरोकारवालासँग पर्याप्त छलफल र समन्वय नगरी गरिएको निर्णय निजी क्षेत्रमैत्री नभएको ठहर गरिएको छ। यद्यपि उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ (ञ) मा एमआरपीसम्बन्धी प्रावधान भए पनि त्यसको कार्यान्वयनका लागि आवश्यक तयारी, अध्ययन र परामर्श अभाव रहेको संघले जनाएको छ।

संघका अनुसार छिमेकी भारत मा एमआरपी प्रणाली मुख्यतः दैनिक उपभोग्य वस्तु (एफएमसीजी) र साना मेशिनरीमा सीमित रूपमा लागू गरिएको छ। तर नेपालमा सबै प्रकारका वस्तुमा अनिवार्य रूपमा लागू गर्न खोज्नु अव्यवहारिक र जटिल हुने संघको भनाइ छ।

अन्तर्राष्ट्रिय बजार मूल्य र विदेशी विनिमय दर निरन्तर परिवर्तन भइरहने अवस्थामा आयातित सामानको एमआरपी निर्धारण कसरी गर्ने भन्ने स्पष्ट नीति नभएको संघले औंल्याएको छ। साथै, सानो अर्थतन्त्र, खुद्रा व्यापारीहरूको नाफा निर्धारण, सीमित परिमाणमा आयात, हार्मोनिक कोड परिवर्तनको अभ्यास तथा एमआरपीको ४०–५० प्रतिशतलाई भन्सार मूल्याङ्कन गर्ने नीतिजस्ता चुनौतीहरूले कार्यान्वयनलाई अझ जटिल बनाउने संघको दाबी छ।

संघले यी सबै समस्याहरू समाधान नगरी एमआरपी लागू गर्न नहुने स्पष्ट पार्दै तत्कालका लागि उक्त निर्णय स्थगित गर्न सरकारसँग आग्रह गरेको छ। साथै, गहन अध्ययन, बजार अनुसन्धान र निजी क्षेत्रको सक्रिय सहभागितामा एक सशक्त समिति गठन गरी व्यवहारिक मापदण्ड तयार पार्नुपर्ने माग पनि अघि सारेको छ।

यसैबीच, निर्णयको प्रभाव तत्काल देखिन थालेको भन्दै संघले मंगलबार वीरगंज भन्सारसहित देशभरका विभिन्न भन्सार कार्यालयहरूमा आयातित सामानको जाँचपास प्रभावित भएको जनाएको छ। भन्सार प्रक्रिया अवरुद्ध हुँदा आपूर्ति प्रभावित हुने, राजस्व संकलनमा गिरावट आउने र समग्र अर्थतन्त्रमा नकारात्मक असर पर्ने जोखिम रहेको भन्दै संघले सरकारलाई शीघ्र हस्तक्षेप गर्न चेतावनी दिएको छ।

# गोलबजारमा ट्रकको ठक्करबाट वृद्धको मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम।**
गोलबजार क्षेत्रमा पूर्व–पश्चिम राजमार्गअन्तर्गत मंगलबार भएको सवारी दुर्घटनामा एक वृद्धको ज्यान गएको छ। प्रहरीका अनुसार पश्चिमबाट पूर्वतर्फ गइरहेको ना.१क ९२२८ नम्बरको बालुवा बोकेको ट्रकले ठक्कर दिँदा वृद्धको घटनास्थलमै मृत्यु भएको हो।

दुर्घटनापछि चालक र सवारीसाधनलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ। प्रत्यक्षदर्शीहरूले भने सडकछेउमै लाग्ने अव्यवस्थित हाटबजारलाई दुर्घटनाको मुख्य कारण बताएका छन्। भीडभाडयुक्त अवस्थामा सडक पेटीमा हिँडिरहेका वृद्धलाई ट्रकको पछाडिको चक्काले किचेको बताइएको छ। मृतकको पहिचान हालसम्म खुल्न सकेको छैन। इलाका प्रहरी कार्यालय गोलबजार का अनुसार शव पोस्टमार्टमका लागि तयारी भइरहेको छ।

स्थानीयवासीहरूले शनिबार र मंगलबार सडकमै लाग्ने हाटबजारका कारण बारम्बार दुर्घटना हुने गरेको गुनासो गरेका छन्। यस्ता जोखिमपूर्ण अवस्थाबारे स्थानीय सरकार र सम्बन्धित निकायले आवश्यक ध्यान नदिएको भन्दै उनीहरूले असन्तुष्टि जनाएका छन्।

सडक सुरक्षा र बजार व्यवस्थापनमा प्रभावकारी कदम नचालिए यस्ता घटना दोहोरिने खतरा अझै उच्च रहने स्थानीयको भनाइ छ।

# ७ महिनादेखि तलब नपाएपछि कर्मचारी आन्दोलितः

## छिपहरमाई गाउँपालिकाको सेवा ठप्प



**मधेशदृष्टि**
**वीरगंज।**
तलब नपाएको भन्दै पर्साको छिपहरमाई गाउँपालिका मा कार्यरत करार कर्मचारीहरूले आन्दोलनलाई निरन्तरता दिएका छन्। सोमबारदेखि सुरु गरिएको तालाबन्दी र धर्ना कार्यक्रम मंगलबार दोस्रो दिन पनि जारी रहँदा गाउँपालिकाको सम्पूर्ण सेवा प्रभावित बनेको छ।

गाउँपालिका तथा वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूले सात महिनादेखि पारिश्रमिक नपाएको गुनासो गर्दै बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म भिस्वा स्थित गाउँ कार्यपालिकाको कार्यालय अगाडि धर्ना दिँदै आएका छन्। उनीहरूको आन्दोलनका कारण प्रशासनिक कामकाज पूर्ण रूपमा ठप्प भएको छ।

कर्मचारीहरूले लामो समयदेखि तलब नपाउँदा दैनिक जीवनयापनमै समस्या परेको बताएका छन्। तलब निकासाका लागि प्रमुख प्रशासकीय अधिकृत र लेखापालसँग पटक–पटक पहल गर्दा पनि कुनै ठोस प्रतिक्रिया नआएको उनीहरूको आरोप छ।

उनीहरूका अनुसार गाउँपालिका र मातहतका पाँचवटै वडा कार्यालयमा कार्यरत करिब ५० जना कर्मचारी सात महिनादेखि तलबविहीन अवस्थामा छन्। आन्दोलनका कारण सेवा प्रवाह अवरुद्ध हुँदा सेवाग्राहीहरू अत्यावश्यक सेवा लिनबाट वञ्चित भएका छन्।

यसैबीच, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कादिर बाबु देवानको सरुवा भई संजीव कुमार साहलाई जिम्मेवारी तोकिए पनि उनी हालसम्म कार्यालयमा हाजिर नभएको जनाइएको छ, जसले समस्या थप जटिल बनेको स्थानीयको भनाइ छ।

# विकास निर्माणको कार्य रोकिएको भन्दै हरपतगञ्जका बासिन्दा विरोधमा



**मधेशदृष्टि**
**वीरगंज।**
लामो समयदेखि विकास निर्माण कार्य रोकिएको भन्दै वीरगंज महानगरपालिका वडा नम्बर २० हरपतगञ्जका बासिन्दा विरोधमा उत्रिएका छन्। ८ वर्षअघि सुरु भएको निर्माण कार्य अझै पूरा नहुँदा उनीहरूले ठेकेदारमाथि कारबाहीको माग गरेका छन्।

स्थानीयका अनुसार ठेक्का सम्झौता अनुसार समयमै काम सम्पन्न हुनुपर्ने भएपनि हरिनारायण निर्माण सेवा र पप्पु कन्स्ट्रक्सनको लापरवाहीका कारण आयोजना लामो समयदेखि अधुरो अवस्थामा छ। अलपत्र परियोजनाले दैनिक जीवन प्रभावित हुनुका साथै विकास निर्माणप्रतिको विश्वास कमजोर भएको स्थानीयको भनाइ छ। उनीहरूले ढिलाइका कारण सरकारी बजेटको दुरुपयोग भएको आशंका समेत व्यक्त गरेका छन्। समस्या समाधानको माग गर्दै स्थानीयवासीहरूले जिल्ला प्रशासन कार्यालय पर्सामा पुगेर ज्ञापनपत्र बुझाएका छन्। उनीहरूले ठेक्का सम्झौता अनुसार तत्काल काम सम्पन्न गर्न र जिम्मेवार पक्षमाथि कानुनी कारबाही गर्न माग गरेका छन्। ज्ञापन पत्र बुझाउने क्रममा हरपत गञ्जका बासिन्दाले केही बेर घन्टाघर चोकमा नाराबाजी गरेका थिए।

सम्पादकीय

# जसपा–लोसपा एकीकरणमा समस्या किन ?

जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल) र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा नेपाल) बीचको एकता घोषणा भएको पाँच महिनाभन्दा बढी भइसक्दा पनि यसले अझै पूर्णता पाउन सकेको छैन। निर्वाचन आयोगले केही प्राविधिक त्रुटिहरू औंल्याउँदै आवश्यक कागजात सच्याउन पत्र पठाएपछि यो प्रक्रिया पुनः सक्रिय भएको छ। यो ढिलाइले दुवै दलको आन्तरिक व्यवस्थापन र राजनीतिक भविष्यमाथि प्रश्नचिह्न खडा गरेको छ, साथै निर्वाचन आयोगको भूमिकालाई पनि थप स्पष्ट पारेको छ।

गत पुसको दोस्रो हप्ता जसपा नेपाल र लोसपा नेपालबीच एकता गर्ने निर्णय भएको थियो। यसअघि लोसपा नेपालसँग हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी र वृषेशचन्द्र लाल नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टीबीच पनि एकता भएको थियो। जसपा नेपालसँगको एकतामा यी दुई दल पनि समाहित भएका थिए। यो एकताले मधेश केन्द्रित राजनीतिमा नयाँ शक्ति सन्तुलन ल्याउने अपेक्षा गरिएको थियो, तर प्राविधिक जटिलताका कारण यो प्रक्रिया लम्बिएको छ।

निर्वाचन आयोगले एकता प्रक्रियामा संलग्न केही व्यक्तिहरूको नाम दुई वा सोभन्दा बढी दलमा देखिएको भन्दै त्यसलाई सच्याउन निर्देशन दिएको छ। विशेषगरी, वृषेशचन्द्र लाल र हृदयेश त्रिपाठी पक्षधरका नेताहरूको नाम निर्वाचन आयोगमा दर्ता रहेका पार्टीहरूमा पनि देखिएकाले यो समस्या उत्पन्न भएको हो। आयोगले एक व्यक्ति दुई वटा दलमा रहन नसक्ने स्पष्ट पारेपछि जसपा नेपालले यसलाई मिलाउन गृहकार्य गरिरहेको छ। यो प्राविधिक त्रुटि सच्याउनु एकता प्रक्रियालाई पूर्णता दिनका लागि अपरिहार्य छ।

यस ढिलाइले दुवै पार्टीका कार्यकर्ता र समर्थकहरूमा अन्योल सिर्जना गरेको छ। राजनीतिक दलहरूको एकताले देशको लोकतान्त्रिक प्रक्रियालाई सुदृढ बनाउनुपर्नेमा यस्ता प्राविधिक अड्चनले जनविश्वासमा कमी ल्याउन सक्छ। जसपा नेपालका नेताहरूले यो समस्या एक–दुई दिनमै समाधान हुने र त्रिपाठी तथा वृषेशचन्द्रसँग कुराकानी भइरहेको बताएका छन्। यसका साथै, जसपा नेपालले मधेशका अन्य पार्टीहरूलाई पनि एकीकृत गर्ने गरी राष्ट्रिय मुक्ति पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टीलगायतसँग आन्तरिक कुराकानी गरिरहेको जानकारी दिएको छ।

अन्ततः, जसपा नेपाल र लोसपा नेपालबीचको एकता प्रक्रियालाई यथाशीघ्र टुंगोमा पुऱ्याउनु आवश्यक छ। निर्वाचन आयोगको निर्देशनलाई पालना गर्दै प्राविधिक त्रुटिहरू सच्याएर यो एकतालाई वैधानिकता दिनु दुवै दलको प्राथमिकता हुनुपर्छ। यसले मात्र उनीहरूको राजनीतिक विश्वसनीयता कायम राख्न र मधेशको राजनीतिमा थप प्रभावकारी भूमिका खेल्न मद्दत पुग्नेछ।

# संरक्षण र प्रवर्द्धनको पर्खाइमा प्राकृतिक पुल

– हरिप्रसाद बास्तोला/रासस

नेपालको पर्यटकीय राजधानी पोखराको मुटुमा बग्ने सेती नदीमाथि अवस्थित प्राकृतिक पुल जोखिममा परेको छ।

स्थानीय जीवनशैली, संस्कार र पहिचान बोकेको पोखरा महानगरपालिका–१७ महतगौडा र वडा नं १५ को टुटुङ्गालाई जोड्ने हजारौँ वर्षको प्राकृतिक सम्पदा संरक्षणको अभावमा उच्च जोखिममा परेको हो।

समुन्द्र सतहबाट ८०० मिटरको उचाइमा अवस्थित पोखरा उपत्यकाको उत्पत्तिसँगै प्राकृतिक रुपमा निर्मित सो पुल सवारीसाधनको आवतजावत, मानव गतिविधिको बढ्दो चाप र प्राकृतिक क्षयले क्रमशः कमजोर हुँदै जानु तथा सम्बन्धित निकायबाट संरक्षण र व्यवस्थापन अभावको कारण अस्तित्व सङ्कटमा पर्दै गएको भूगोलविद् प्राडा कृष्ण केसी बताउनुहुन्छ।

उहाँका अनुसार सेती नदीको तीव्र बहावमाथि प्राकृतिक रुपमा बनेको यो पुल कुनै आधुनिक इन्जिनियरिङको नमूना होइन, बरु प्रकृतिको आफ्mनै सिर्जनात्मक शक्ति हो। समयक्रममा ढुङ्गा, माटो र पानीको सहकार्यले तयार पारेको यो संरचना स्थानीयका लागि दैनिक आवतजावतको माध्यम मात्र नभई राष्ट्रका लागि एउटा जीवित इतिहास पनि हो।

नदीको दुवैतर्पm बाट फाँटेका ठूल्ठूला धाँजा एकापसमा जोडिएपछि सेती नदीमा बाँध बनेपछि थुनिएको सेतीको पानीले तल्लो भागलाई काटेर निकास बनाएपछि माथिल्लो भागले पुलको आकार लिएको अनुमान गर्न सकिने भूगोलविद् केसीको भनाइ छ। एक सय मिटरको गहिराइ र ९० मिटरको चौडाइमा रहेको सो प्राकृतिक पुल पिरामिड आकारको रहेको छ।

अन्नपूर्ण र माछापुच्छे« हिमशृंखलाको आसपासमा रहेका हिमताल फुट्दा भिषण बाढीसँगै आएको माटो, बालुवा, गेग्रयान, चट्टान र वनपैदावारका कारण पोखरा उपत्यकाको उत्पत्तिको आधार भएको बताउँदै उहाँले भन्नुभयो, ‘विश्वसामु परिचित पोखराको मुख्य भागमा रहेको पुरातात्विक महत्व बोकेको अनौठो प्राकृतिक वरदान पर्यटकीय प्रवाहमा जोडिन नसक्नु विडम्बना हो। पोखराको रामघाटबाट भूमिगत भएको सेती नदी सो स्थान मितेरी पुलकोमा आएर खुल्ला भएको छ, जसमा प्राकृतिक पुलको तल्लो भागको दोविल्लालगायतका क्षेत्रबाट जथाभावी नदीजन्य वस्तु उत्खनन् गर्दा नदी गहिरिँदै गएको कारण पनि यस्ता प्राकृतिक सम्पदा एवम् आसपासको बस्तीसमेत उच्च जोखिममा पर्दै गएको छ।

नदीको पूर्वपट्टि रहेको सानो वनमा कहिलेकाहीँ घण्टी र शङ्खको ध्वनि सुनिने गर्दा यो महत्वपूर्ण धार्मिक क्षेत्र रहेको स्थानीय ९७ वर्षीय चन्द्रकान्त भण्डारीले बताउनुभयो। सो स्थानमा तीन दशकअघि मात्र शिवमन्दिर निर्माण गरी मूर्तिसमेत प्रतिस्थापन गरिएको छ। देवताको वासस्थान र ऋषिमुनीको तपोभूमि एवम् धार्मिक शक्तिको कारण पुल अटल रहेको उहाँको विश्वास छ।

उहाँका अनुसार सेती नदीको माथिल्लो भागमा पुल त बन्यो तर दुवै किनारामा फाटेका धाँजाबाट आवतजावत गर्न जोखिम बढेपछि फुस्रेखोलाबाट सामूहिक रुपमा काठ र डोरीको सहायताले बोकेर ल्याएका लामालामा ढुङ्गाका छपनी राखेपछि आवतजावतमा सुविधा पुगेको हो। धार्मिक महत्व र सेती नदीको पहिलो पुलको भएको कारण सो क्षेत्रमा पराप्ूर्वकालदेखि माघे सङ्क्रान्तिका दिन ढुङ्गेसाँघु मेलासमेत लाग्दै आएको छ।

ज्येष्ठ नागरिक भण्डारीले भन्नुभयो, ‘हामीले बाल्यकालमा यही पुलमा खेलेका थियौँ, छोराछोरी यही बाटो हिँडेर विद्यालय जान्थे। पोखरा महानगरपालिका–१५ बासिन्दा बिरुवा फाँटमा कृषि गर्नका लागि आवतजावतमा सहयोग पुगेको यो पुल हाम्रो इतिहास हो तर नयाँ पुस्ता र बाह्य पर्यटकलाई यसको कथा सुनाउने प्रयास भने कहीँकतैबाट भएको छैन।

पछिल्लो समय धाँजा फाटेको दुवै स्थानमा स्काभेटर प्रयोग गरेर माटोले पुरेपछि उक्त पुलबाट साना तथा ठूलो यातायातका साधन निर्वाधरुपमा ओहोरदोहोर गरिहँदा पुलको संरक्षणका लागि आजसम्म कुनै पनि प्रयास नहुँदा जोखिम बढेको छ। टुटुङ्गाको दुलेगांडाबाट मानिस तथा पशुहरु ओहोरदोहोर गर्ने गरे पनि पछिल्लो समय डोजरको सहायताले मोटर बाटो खोलेसँगै पुलमा दबाब सिर्जना भएको हो।

पुलको भारवहन क्षमता मापन गरी यातायातका साधन निषेध नगर्ने हो भने पुल कुनै पनि बेला झर्न गएमा जनधनको ठूलो क्षति हुने सम्भावना छ। एउटा प्राकृतिक वरदानको अन्त्य हुँदा ‘नरहे बाँस, नबझे वासुरी’ भन्ने युक्ति चरितार्थ हुनसक्ने खतरा बढेको स्थानीय बासिन्दा एवम् जनप्रतिनिधि शिवराम भण्डारी बताउनुहुन्छ।

यस क्षेत्र आसपासमा तीनै तहका सरकारको सहयोगमा आवश्यक भौतिक संरचना निर्माणसँगै सौन्दर्य अभिवृद्धि गर्न जोड दिँदै आएको भए पनि पुलको तल्लो भागसम्म पुगेर भू–बनोटको अवलोकन गर्न आवश्यक बाटो निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउँदै ढुङ्गेसाँघु पर्यटन प्रवद्र्धन समितिका सल्लाहकार समेत रहनु भएका भण्डारीले भन्नुभयो, यस क्षेत्रलाई पर्यटकीयस्थलका रुपमा विकास गरिनु अपरिहार्य छ।

समाजका विपन्न र असहाय बालबालिकाको अध्ययनको थलो जानकी माध्यमिक विद्यालय, यस क्षेत्रमा रहेका अन्य शैक्षिक संस्था तथा विभिन्न सङ्घसंस्थाको आम्दानीको स्रोत बनाउनुपर्नेमा उहाँको जोड थियो। पोखरा महानगरपालिका–१७ मा सञ्चालित छोरेपाटन माविलाई पातले छाँगो (डेभिडफल) को आम्दानीबाट महानगरले वार्षिक रु तीन करोड एक लाख सहयोग गर्दै आएको छ भने विन्ध्यवासिनी माविले पनि महेन्द्र गुफा र चमेरे गुफाको आम्दानीबाट विद्यालयको पठनपाठनमा लगानी गर्दै आएको छ।

प्राकृतिक स्रोत सबैका साझा सम्पत्तिका रुपमा उपयोग गर्नसके सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न सहयोग पुग्ने जानकी माविका प्रधानाध्यापक अर्जुन कँडेल बताउनुहुन्छ। प्रकृतिप्रदत्त उपहारको आवश्यक प्रचारप्रसार गर्दै आन्तरिक एवम् बाह्य पर्यटकको आकर्षणको केन्द्रका रुपमा विकास गर्नसके पोखरामा एउटा छुट्टै पर्यटकीय गन्तव्य थपिनुको साथै यस क्षेत्रको विकास र रोजगारीमा समेत टेवा पुग्ने उहाँको विश्वास छ।

सो पुलको तल्लो भागमा पोखरा महानगरपालिकाको आर्थिक सहयोगमा झोलुङ्गे पुलसमेत निर्माण गरिएको छ। पुलबाट प्राकृतिक पुलको भूवनोटको दृश्यावलोकनमा केही हदसम्म भए पनि सहयोग पुगेको छ। पुलसँगै जोडिएको परोपकार महासङ्घ नेपालद्वारा गुरुकूल कक्षा सञ्चालन गरिएको छ भने सोही स्थानबाट पुलको दृश्यावलोकनका लागि केही संरचनासमेत बने पनि ती प्रभावकारी बन्न सकेको छैनन्।

यस क्षेत्रमा प्राकृतिक पुलसहित सीताघाट, पिपलको वृक्ष रहेको चौतारामा सीताको पाइला, ऐतिहासिक एवम् धार्मिक महत्व रहेको सदाशिव सिद्धेश्वर हरिहर मन्दिर, अकलादेवी मन्दिर, रामसीता मन्दिर, पोखरा वृद्धाश्रम, परोपकार महासङ्घ, बञ्जी जम्प, अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालयलगायतका विभिन्न धार्मिक तथा पर्यटकीयस्थल अवस्थित छन्।

ढुङ्गेसाँघु (स्ट्रोन बृज) लाई विश्व सम्पदा सूचीमा सूचीकृतसहित सूचना पाटी, मार्गदर्शक बोर्ड, डिजिटल प्रचार र स्थानीय पर्यटन प्याकेजमा समावेश गर्न सकिए पर्यटकका लागि नयाँ आकर्षक गन्तव्य बन्नसक्ने प्रचुर सम्भावना रहेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछाने बताउनुहुन्छ।

पर्यटनसँग सम्बद्ध विभिन्न सङ्घसंस्था, भूगर्वविद्, सञ्चारकर्मी, सुरक्षा निकाय र स्थानीयको सहभागितामा एक बृहत् कार्यक्रम गरेर प्रचारप्रसारमा जोड दिनुपर्नेमा उहाँको जोड थियो।

पोखरा विश्वकै प्रमुख पर्यटकीय गन्तव्यमध्ये एक हो। यहाँको ताल, हिमाल, हरियाली र प्राकृतिक दृश्यले लाखौँ पर्यटकलाई आकर्षित गर्छन् तर सेती नदीमाथिको प्राकृतिक पुल अझैm पनि पर्यटकको नजरमा पर्न सकेको छैन। पर्यटन प्रवद्र्धनसँगै स्थानीय अर्थतन्त्रलाई टेवा पु¥याउने र रोजगारी सिर्जना गर्ने क्षमता यसमा निहित छ। प्राकृतिक पुलको संरक्षण अहिलेको पहिलो चुनौती हो।

पुलबाट अहिले पनि साना तथा ठूलो यातायातका साधन निर्वाधरुपमा आवतजावत, पुलको माथिल्लो भागका खसालिएको नाला र मानवीय अतिक्रमणको कारण दिन प्रतिदिन कमजोर बन्दै गएको छ। प्राकृतिक सम्पदाको संरक्षण केवल सरकारको मात्र दायित्व होइन, यो साझा जिम्मेवारी हो। स्थानीय तह, सरोकारवाला निकाय र समुदाय सबैले मिलेर यसको संरक्षणमा ध्यान दिनु आवश्यक छ। हालसम्म देखिएको बेवास्ताले भने पश्न उठेको छ यति महत्वपूर्ण सम्पदा जोगाउने जिम्मेवारी कसले लिने हो ?

यो प्राकृतिक पुलको तत्काल अध्ययन, संरक्षण योजना निर्माण, सवारी आवतजावतमा नियन्त्रण र पर्यटन प्रवद्र्धन अपरिहार्य रहेको विज्ञहरुको सामूहिक धारणा रहेको छ। अमेरिकाको भर्जिनिया राज्यमा रहेको प्राकृतिक पुल विश्वको सातौँ आश्चर्यमध्ये एक मानिन्छ, जुन पुल २१५ फिट उचाइ र ९० फिट चौडाइ रहेको तथ्याङ्कमा उल्लेख छ। उक्त पुल हेर्नका लागि विश्वका विभिन्न मुलुकका लाखौँ पर्यटक जाने गरेका छन्। पुल अवलोकनका लागि प्रतिटिकट नौ डलरको व्यवस्था गरिएको छ। पोखराको यस पुललाई पनि यसरी नै राष्ट्रिय अन्तरराष्ट्रियस्तरमा प्रचारप्रसार गर्न सकिए उत्कृष्ट पर्यटकीय गन्तव्य बन्नसक्ने प्रचुर सम्भावना छ।

# केरामा अचाक्ली मूल्यवृद्धि: तथ्यांक भन्छ– आयात रोकिएकाले होइन

***नेपाली बजारमा आयातित केराको हिस्सा १२ प्रतिशत मात्र हो। अर्थात् आयात रोकिँदैमा केराको अस्वाभाविक मूल्यवृद्धि हुन्न। त्यसो भए किसानले प्रतिदर्जन ८५ रुपैयाँमा बेचिरहेको केरा बजारमा ३०० माथि कसरी पुग्यो ?***



रितेश त्रिपाठी

अलि पहिले सुनको मूल्यमा भएको वृद्धिले बजार तातेको थियो। पछिल्ला केही सातायता बजार सबैभन्दा धेरै तताउने विषय बनेको छ– केराको मूल्य। हुन पनि भारततर्फबाट भइरहेको केराको आयात रोकिएसँगै यसको मूल्य दुई गुणाभन्दा धेरैले बढेको छ।

काठमाडौँका फलफूल व्यवसायी रामजी साहका अनुसार पोहोरको फागुन–चैतयता सामान्य अवस्थामा खुद्रा मूल्य औसत १५० रुपैयाँ प्रतिदर्जन रहेको केरा दशैँ–तिहारको बेला माग अत्यधिक हुँदा करिब २०० रुपैयाँसम्म पुगेको थियो। अहिले भने त्यस्तो खास अवसर केही नहुँदा पनि केराको खुद्रा मूल्य २५० रुपैयाँदेखि ३५० रुपैयाँ प्रतिदर्जनसम्म रहेको उनले बताए।



के भारततर्फबाट केराको आयात रोकिनु नै यो विघ्न मूल्यवृद्धिको कारण हो त? अहिले चर्चा यस्तै सुनिए पनि तथ्यांकले भने आयात रोकिनु नै मूल्यवृद्धिको कारण हो भन्ने देखाउँदैन।

सरकारको तथ्यांक नै हेरौँ। नेपालमा वर्षभरि खपत हुने केराको बजारमा करिब साढे १२ प्रतिशत जति हिस्सा मात्र आयातित केराले ओगट्छ। बजारमा उपलब्ध हुने यही साढे १२ प्रतिशत केराको स्रोत रोकिँदा यसको मूल्य ५० देखि १०० प्रतिशत माथि पुग्ने आधार देखिँदैन।

यसलाई अझ राम्रोसँग बुझ्न नेपालमा केराको कुल उत्पादन र मागबीचको सन्तुलन कस्तो छ भनेर हेर्नुपर्ने हुन्छ। तर अहिलेसम्म यस्तो अध्ययन नभएको वरिष्ठ कृषि अर्थविज्ञ श्रीलालकुमार श्रेष्ठ बताउँछन्। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सूचना अधिकारीसमेत रहेका श्रेष्ठले नेपालमा वर्षभरिमा हुने केराको कुल उत्पादनको तथ्यांक भने मन्त्रालयले अद्यावधिक गर्ने गरेको जानकारी दिए।

मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८१–८२ मा नेपालमा तीन लाख ९३ हजार ६९४ टन केरा उत्पादन भयो। यो अवधिमा जम्मा ५६ हजार ७६२ टन केरा आयात भएको भन्सार विभागको तथ्यांक छ। यो आँकडा हेर्दा नेपालमा वर्षभरि खपत हुने केरामध्ये देशभित्रै हुने उत्पादनको हिस्सा झन्डै ८८ प्रतिशत रहेको देखिन्छ।

‘चालु आर्थिक वर्ष (२०८२–८३) को तथ्यांक आउन बाँकी छ। अपुग वा मागभन्दा बढी कति भन्ने अध्ययन गरिएको छैन,’ श्रेष्ठले भने।

मन्त्रालयका तर्फबाट श्रेष्ठले उपलब्ध गराएको केराको स्वदेशी उत्पादनको तथ्यांक र भन्सारबाट प्राप्त आयातित केराको आँकडा जोड्दा नेपालमा वर्षभरि ४ लाख ५० हजार ४५६ टन केराको खपत हुने गरेको देखिन्छ।

गत वर्षको कृषि तथा पशुपन्छी विकास मन्त्रालय र भन्सार विभागको यो तथ्यांकलाई आधार मान्दा केराको ८७.४० प्रतिशत माग स्वदेशी उत्पादनले धानेको छ भने अपुग हुने १२.६० प्रतिशत मात्र आयात गर्नुपर्ने देखिन्छ।

यसरी हेर्दा केरामा नेपाल झन्डै आत्मनिर्भर हुने अवस्था नजिक देखिन्छ। राष्ट्रिय फलफूल विकास केन्द्रको एक प्रकाशनमा उल्लेख भएअनुसार आर्थिक वर्ष २०७९–८० मा नेपालमा ४ लाख ४ हजार ६७१ टन केरा उत्पादन भएको रेकर्ड कायम भएको देखिन्छ।

त्यसो भए बजारको सानो हिस्सा ओगट्ने केराको आयात रोकिँदा यता यति विघ्न मूल्यचाहिँ किन बढ्यो ?

**कसले खायो केराको पैसा?**

अहिले भारतबाट आउने केराको आयातमा रोक चाहिँ किन लगाइएको हो त? श्रेष्ठका अनुसार प्लान्ट क्वारेन्टाइनको आदेशबाट यो रोक लगाइएको हो। आयातित केरामा रोग भेटिएकाले त्यसलाई भित्रिन नदिन यस्तो प्रतिबन्ध लगाइएको जानकारी आफूहरूले पाएको श्रेष्ठ बताउँछन्।

उनले भने जस्तै अहिले ‘पनामा टीआर–४’ नामको रोगका कारण भारतीय केराको आयातमा रोक लगाइएको प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले जनाएको छ।

संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनसँगको सहकार्यमा केन्द्रले प्रकाशित गरेको प्रतिवेदनअनुसार एक प्रकारको ढुसीले संक्रमण फैलाउने यो रोग माटो, पानी र औजारबाट समेत सर्ने भएकाले अत्यन्त खतरनाक मानिन्छ। यो ढुसीले सबै जातका केरामा असर गर्ने र नियन्त्रण गर्न कठिन हुने प्रतिवेदनमा उल्लेख छ।

भन्सार विभागको तथ्यांकअनुसार नेपालमा मुख्यतः भारतबाट केरा आयात हुने गरेको छ। चालु आर्थिक वर्षको गत साउनदेखि चैतसम्मको तथ्यांक हेर्दा पोहोरको सोही अवधिको तुलनामा आयात करिब आधामा झरेको छ। पोहोर यस अवधिमा ३६ हजार ६५९ टन केरा आयात भएको थियो भने यस वर्ष १९ हजार ४४१ टन मात्र आयात भएको छ। जैविक सुरक्षाको कारण देखाउँदै गत असोज २ गतेदेखि नेपालमा केरा आयात रोकिएको हो।

करिब ८८ प्रतिशत बजार ओगट्ने स्वदेशी उत्पादन भने घटेको रोकिएको छैन। तर आयात रोकिँदा सिर्जना भएको अतिरिक्त मागको लाभ पनि स्वदेशी उत्पादक किसानले पाउन सकेका छैनन्। त्यसो भए कसले खाइरहेको छ केराको पैसा ?

बजारमा अभाव देखाएर अस्वाभाविक मूल्यवृद्धि गरिएको बुझाइ केरा उत्पादक किसानहरूको छ। उनीहरूका अनुसार मूल्यवृद्धिबाट हुने फाइदा किसानसम्म पुगेको छैन।

गत वैशाख ९ गते पत्रकार सम्मेलन गर्दै केरा उत्पादक महासंघले केराको अस्वाभाविक मूल्य नियन्त्रण गर्न माग गरेको थियो। संघको तदर्थ समिति अध्यक्ष विष्णुहरि पन्तले बारीबाट ५० देखि ८५ रुपैयाँ प्रतिदर्जन बिक्री भइरहेको केरा बजारमा पुग्दा अत्यधिक मूल्यमा बिक्री भइरहेको बताएका थिए।विलियम र जी–नाइन जातका केरा ५०–६० रुपैयाँ तथा मालभोग केरा ७०–८५ रुपैयाँ प्रतिदर्जन बिक्री भइरहँदा बजारमा भने ३०० रुपैयाँ भन्दा माथि पुगेको सुन्दा आफूहरू आश्चर्यचकित भएको उनले बताएका थिए। यस्तो मूल्यवृद्धि अस्वाभाविक रहेको र यसलाई नियन्त्रण गर्न सरकारी निकायले सक्रियता बढाउनुपर्ने उनको धारणा थियो।

‘बजारमा विभिन्न क्षेत्रमा एकखाले संयन्त्र सक्रिय देखिन्छ, जसले कुनै एउटा बहानामा उपभोक्ताबाट बढीभन्दा बढी पैसा असुल्ने प्रयास गर्छ। तर सरकारसँग उनीहरूलाई नियन्त्रण र नियमन गर्ने संयन्त्र प्रभावकारी हुन सकेको छैन,’ उपभोक्ता अधिकारकर्मी तथा अधिवक्ता आनन्द गुप्ता भन्छन्, ‘उपभोक्ता अधिकारको दृष्टिले हेर्दा केरामा अचानक गरिएको मूल्यवृद्धिमा उपभोक्ता ठग्ने गिरोहको स्वार्थ देखिन्छ।’

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सभामुख अर्याल र चिनियाँ राजदूतबीच शिष्टाचार भेट



**काठमाडौं ।**
प्रतिनिधिसभाका सभामुख डोलप्रसाद (डीपी) अर्यालसँग नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले शिष्टाचार भेटवार्ता गरेका छन् । मंगलबार भएको भेटमा द्विपक्षीय सम्बन्ध, संसदीय सहकार्य, विकास साझेदारी र क्षेत्रीय तथा अन्तरराष्ट्रिय विषयमा विचार आदानप्रदान भएको थियो ।

भेटका क्रममा सभामुख अर्यालले नेपाल–चीन सम्बन्ध ऐतिहासिक, मैत्रीपूर्ण र पञ्चशीलको सिद्धान्तमा आधारित रहेको उल्लेख गर्दै यसलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिएको सभामुखको सचिवालयले जनाएको छ । उनले 'एक चीन नीति'प्रति नेपालको पूर्ण प्रतिबद्धता दोहो¥याउँदै नेपालको भूमि चीनविरुद्ध प्रयोग हुन नदिने विषयमा सरकार स्पष्ट रहेको बताए ।

सभामुख अर्यालले वर्तमान सरकार विकास, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रविधि प्रवद्र्धनमा केन्द्रित रहेको उल्लेख गर्दै यसमा चीन सरकारको साथ र सहयोग अपेक्षित रहेको बताए । उनले सरकारले अघि सारेको १०० बुँदे कार्ययोजना कार्यान्वयनको चरणमा रहेको जानकारी दिँदै राजनीतिक सङ्क्रमणकालमा चीनले देखाएको सद्भावप्रति धन्यवाद व्यक्त गरे ।

सभामुख अर्यालले संघीय संसद्का दुवै सदन, संसदीय समिति र मैत्री समूहमार्फत अन्तरसंसदीय सहकार्य विस्तार गरिने उल्लेख गर्दै आफ्नो कार्यकालमा प्रभावकारी र उत्कृष्ट संसदीय अभ्याय गरिने प्रतिबद्धता जनाए । साथै सन् २०२२ डिसेम्बर १२ मा प्रतिनिधिसभा र चीनको राष्ट्रिय जनकंग्रेसबीच भएको समझदारीलाई कार्यान्वयन गर्दै विधायिकी निकायबीच सहकार्य अभिवृद्धि गरिने उनले बताए ।

सभामुख अर्यालले व्यापार, लगानी, पूर्वाधार विकास, सीमा नाका स्तरोन्नति तथा 'कनेक्टिभिटी' सुदृढीकरणमा जोड दिँदै 'बेल्ट एन्ड रोड इनिसिएटिभ' कार्यान्वयनमा गति दिनुपर्ने धारणा राखे । साथै बहुपक्षीय मञ्चहरूमा सहकार्य, सांस्कृतिक आदानप्रदान र जनस्तरको सम्बन्ध विस्तारमा नेपाल प्रतिबद्ध रहेको उल्लेख गरे । सभामुख अर्यालले विश्वमा बढ्दो द्वन्द्वप्रति चिन्ता व्यक्त गर्दै नेपाल शान्ति, संवाद र सहकार्यको पक्षमा रहेको बताए ।

त्यस अवसरमा राजदूत माओमिङले सभामुखसँगको भेटलाई महत्त्वपूर्ण अवसरका रूपमा लिँदै राष्ट्रिय जनकंग्रेसका तर्फबाट शुभकामना सन्देश तथा बधाईपत्र हस्तान्तरण गरेका थिए । उनले नेपाल–चीन सम्बन्ध असल छिमेकी, आपसी सम्मान र सहअस्तित्वमा आधारित रहेको उल्लेख गर्दै सन् २०१९ मा आफ्नो देशका राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणपछि द्विपक्षीय सम्बन्ध नयाँ उचाइमा पुगेको बताए ।

राजदूत माओमिङले चीनले नेपाललाई महत्त्वपूर्ण छिमेकीका रूपमा लिँदै आएको उल्लेख गर्दै नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र क्षेत्रीय अखण्डताको सम्मानमा निरन्तर समर्थन रहने प्रतिबद्धता व्यक्त गरे । उनले एक चीन नीतिप्रति नेपालको प्रतिबद्धताको प्रशंसा गर्नुभएको सभामुख अर्यालको सचिवालयले जनाएको छ ।

राजदूत माओमिङले चीन–नेपाल सहकार्यअन्तर्गत पूर्वाधार, कनेक्टिभिटी, सीमा व्यवस्थापन तथा विकास परियोजनाहरूमा सहकार्य बढाउन तयार रहेको उल्लेख गर्दै संघीय संसद् सचिवालयलाई विद्युतीय सवारीसाधन सहयोग गरिएको जानकारी दिए ।

साथै, उनले सभामुख, सांसद तथा संसदीय पदाधिकारीहरूलाई चीन भ्रमणको निम्तासमेत दिए । भेटका क्रममा दुवै पक्षले नेपाल–चीन सम्बन्धलाई अझ प्रगाढ बनाउँदै संसदीय, आर्थिक, प्राविधिक तथा जनस्तरका सहकार्यलाई विस्तार गर्ने सहमति जनाएका थिए ।

साथै, शान्ति, स्थायित्व र साझा समृद्धिका लागि क्षेत्रीय तथा अन्तरराष्ट्रिय मञ्चहरूमा सहकार्य बढाउनेमा पनि जोड दिएका थिए । रासस

# मेलम्ची खानेपानी आयोजनालाई दिगो र सुरक्षित बनाउँछौंः मन्त्री मेहता



**काठमाडौं ।**
खानेपानीमन्त्री निशा मेहताले मेलम्ची खानेपानी आयोजनालाई दिगो र सुरक्षित बनाउन गम्भीर रुपमा छलफल भइरहेको बताएकी छन् ।

मंगलबार सिंहदरबारमा बसेको प्रतिनिधिसभा अन्तर्गतको पूर्वाधार विकास समितिको बैठकमा मन्त्री मेहताले उपत्यकावासीलाई सहज रुपमा खानेपानी उपलब्ध गराउनका लागि निकै महत्त्वपूर्ण आयोजनाका रुपमा रहेको मेलम्चीलाई दिगो र सुरक्षित बनाउन पटक पटक छलफल भइरहेको बताएकी छन् ।

मेलम्ची खानेपानी आयोजनामा अझै पनि केही समस्याहरू रहेकाले दीर्घकालीन समाधान खोजिने उनको भनाइ छ । मन्त्री मेहताले विभिन्न स्थानमा अलपत्र परेका खानेपानी आयोजनालाई पुरा गर्नका लागि मन्त्रालयले काम सुरु गरिसकेको उनको भनाइ छ । अलपत्र परेका आयोजनाहरूको निरन्तर अनुगमन भइरहेकाले आवश्यक बजेट व्यवस्थापन समेत गरिने उनको भनाइ छ ।

# अध्यादेशप्रति कांग्रेसको कडा आपत्ति, संसद्को अधिकारमा सरकारले हस्तक्षेप गरेको आरोप



**काठमाडौं ।**
नेपाली कांग्रेसले नेपाल सरकारले संसद् स्थगित गरेर अध्यादेशमार्फत कानुन निर्माण गर्ने कदमप्रति गम्भीर आपत्ति जनाएको छ । पार्टीले यसलाई लोकतान्त्रिक मूल्य, संसदीय मर्यादा र संवैधानिक प्रक्रियाविरुद्धको कदम भन्दै कार्यपालिकाद्वारा व्यवस्थापिकामाथि स्पष्ट अतिक्रमण भएको आरोप लगाएको छ ।

सोमबार जारी प्रेस वक्तव्यमा कांग्रेसका प्रवक्ता देवराज चालिसेले संसद्मा स्पष्ट बहुमत हुँदाहुँदै पनि सरकारले बारम्बार अध्यादेशको बाटो रोज्नु शक्ति केन्द्रीकरणतर्फको खतरनाक संकेत भएको बताएका छन् ।

वक्तव्यमा भनिएको छ, 'यो केवल प्रक्रियागत त्रुटि नभई व्यवस्थापिकाको विधायी अधिकारमाथि कार्यपालिकाको स्पष्ट अतिक्रमण हो ।' कांग्रेसले यस्तो प्रवृत्तिले विधिको शासनको आधारभूत मर्मलाई कमजोर बनाएको र सरकारको संसद्प्रतिको अविश्वास उजागर गरेको जनाएको छ । विशेषगरी संवैधानिक परिषद् जस्तो संवेदनशील निकायमा प्रस्तावित संरचनागत परिवर्तनप्रति पार्टीले गम्भीर आपत्ति जनाएको छ ।

कांग्रेसका अनुसार यसले निर्णय प्रक्रियालाई सीमित व्यक्तिहरूमा केन्द्रित गर्दै 'चेक एन्ड ब्यालेन्स' प्रणालीलाई कमजोर बनाउने, विपक्षी सहभागिताबिना एकतर्फी नियुक्तिको सम्भावना बढाउने तथा संवैधानिक निकायहरूको स्वतन्त्रता, निष्पक्षता र विश्वसनीयतामा नकारात्मक असर पार्नेछ । त्यसैगरी सहकारी क्षेत्रमा सुधार आवश्यक भए पनि प्रस्तुत अध्यादेशले अत्यधिक केन्द्रीकरणमार्फत स्थानीय तह तथा सहकारी संस्थाहरूको स्वायत्ततालाई सीमित गर्ने र नियमनको नाममा राज्यको नियन्त्रण विस्तार गर्ने प्रवृत्ति देखिएको कांग्रेसको भनाइ छ ।

यसलाई पार्टीले संघीयता र स्थानीय स्वशासनको मर्मविपरीत भनेको छ । कांग्रेसले सरकारलाई लोकतान्त्रिक मूल्य, संसदीय अभ्यास र संवैधानिक मर्यादाप्रति पूर्ण प्रतिबद्ध रहन, संसद्को भूमिका र गरिमाको सम्मान गर्न तथा यस्ता कदमहरू तत्काल पुनर्विचार गर्न आग्रह गरेको छ ।

# पहुँचका भरमा सवारी सुविधा लिइरहेकाबाट फिर्ता गराइँदै

**काठमाडौं ।**
सरकारले राज्यको सीमित स्रोत र साधनमाथि वर्षौंदेखि हुँदै आएको चरम दोहन र प्रशासनिक बेथिति अन्त्यका लागि सुशासनको ठोस कदम चालेको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको निर्देशनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रचलित कानुनविपरीत पहुँचका भरमा सरकारी सवारीसाधनको सुविधा लिइरहेका कर्मचारी तथा पदाधिकारीहरूबाट सवारीसाधन फिर्ता लिने प्रक्रिया सुरु गरेको छ ।

कार्यालयले अहिलेसम्म विभिन्न मन्त्रालय, त्यसअन्तर्गतका निकाय र संवैधानिक आयोगहरूबाट ६२२ वटा सरकारी सवारीसाधन फिर्ता लिइसकेको छ ।



प्रधानमन्त्रीको सचिवालयले गरेको प्रारम्भिक अनुसन्धानमा राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिका पदाधिकारीले मात्र सरकारी सवारीसाधनको सुविधा पाउने कानुनी व्यवस्था भए पनि त्योभन्दा तल्लो तहका कर्मचारी तथा पदाधिकारीहरूले समेत व्यापक रूपमा चारपाङ्ग्रे सरकारी सवारीसाधन प्रयोग गरिरहेको तथ्य फेलापरेको थियो ।

अनुसन्धानका क्रममा सबै सरकारी निकायका कर्मचारी र पदाधिकारीहरूले प्रयोग गरिरहेको सवारी साधनको विस्तृत विवरण माग गरिएको थियो । प्राप्त तथ्यांकका आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २०८३ वैशाख १० गते सबै मन्त्रालय, त्यसअन्तर्गतका निकाय र संवैधानिक आयोगहरूलाई परिपत्र गर्दै प्रचलित कानुनले सवारीसाधन उपलब्ध गराउनु नपर्ने तहका कर्मचारी र पदाधिकारीहरूले प्रयोग गरिरहेका सबै सवारीसाधन तत्काल फिर्ता गर्न निर्देशन दिएको थियो ।

सोही निर्देशनका आधारमा कानुनविपरीत प्रयोग भइरहेका सवारीसाधन फिर्ता गरिएको हो । अब आगामी दिनमा कानुनले तोकेबाहेकका कुनै पनि कर्मचारी वा पदाधिकारीले सरकारी सवारीसाधनको एकल प्रयोग गर्न पाउने छैनन् ।

तर, काम विशेष वा असहज परिस्थितिमा सबै तहका कर्मचारी र पदाधिकारीले सामूहिक रूपमा सरकारी सवारीसाधन प्रयोग गर्न पाउनेछन् ।

कानुनविपरीत सरकारी सवारीसाधन प्रयोग गर्दा सरकारलाई कति आर्थिक भार परेको रहेछ भन्नेबारे पनि विस्तृत अध्ययन भइरहेको छ । सरकारले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको बढ्दो मूल्य र मुलुकको आर्थिक अवस्थालाई मध्यनजर गर्दै इन्धन, मर्मतसम्भार र सुविधाका नाममा भइरहेको व्ययभार कम गर्न यो कदम चालेको हो ।

राज्यको ढुकुटीमाथि हुने फजुल खर्च कटौती गर्दै प्रशासनिक अनुशासन कायम गर्ने सरकारको यो अभियानले सुशासनको दिशामा नयाँ आयाम थप्ने विश्वास गरिएको छ ।

# दुरुपयोग गाडी मन्त्रालय तानियो



**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मातहत संरचनाहरूमा दुरुपयोग गरिएका सवारी साधन मन्त्रालय तान्न थालेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्री निशा मेहताले दुरुपयोग गरिएका सबै सवारी साधन मन्त्रालयमा ल्याउन निर्देशन दिएपछि दुरुपयोग गरिएका सवारी साधन मन्त्रालय फिर्ता ल्याउन थालिएको हो ।

सवारी साधनको सुविधा नपाउने कर्मचारीहरूले समेत विभिन्न बहानामा सरकारी गाडी प्रयोग गर्दै आएको जानकारी प्राप्त भएपछि मन्त्री मेहताले निर्देशन दिएकी थिइन् । फिर्ता ल्याइएका सवारी साधन हाल मन्त्रालयमै राखिएको छ । गाडीहरू आवश्यकताका आधारमा कानुन बमोजिम मन्त्रालयका कर्मचारीले प्रयोग गर्ने छन् । कानुन अनुसार, सहसचिव र सो भन्दा माथिका पदाधिकारीहरूले मात्रै सरकारी सवारी साधन प्रयोग गर्ने व्यवस्था रहेको छ ।

# ‘डिप ट्युबवेल’ जडानसँगै सिँचाइको असुविधा हट्यो



**कञ्चनपुर ।**
कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–१० प्रगतिटोलमा सिँचाइ सुविधा पुगेपछि स्थानीय किसानहरूमा खुसी छाएको छ । वर्षौंदेखि सिँचाइ अभाव झेल्दै आएका किसानहरूका लागि डिप ट्युबवेल जडान भएपछि खेतीपातीमा नयाँ आशा पलाएको हो ।

प्रगतिटोलका किसान परमानन्द जोशी सिँचाइ सुविधा पुगेपछि निकै उत्साहित देखिन्छन् । “पहिले सिँचाइको अभाव हुँदा खेतमा जति मेहनत गरे पनि उब्जनी सन्तोषजनक हुँदैनथ्यो”, उनले भने, “अब खेतमै डिप बोरिङ जडान भएपछि सिँचाइ गर्न कुनै समस्या छैन । ” उनका अनुसार पानीको सहज उपलब्धताले उत्पादन बढ्ने अपेक्षा गरिएको छ ।

किसानहरूको लामो समयदेखिको सिँचाइ समस्या समाधान गर्न सुदूरपश्चिम प्रदेश सरकारको पहलमा २५ लाखभन्दा बढीको लगानीमा डिप ट्युबवेल जडान गरिएको हो । उक्त योजना प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह महराको संसदीय विकास कोषबाट विनियोजित बजेटमार्फत जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले कार्यान्वयन गरेको हो ।

वडाध्यक्ष लालबहादुर ऐरका अनुसार डिप ट्युबवेल सञ्चालनमा आएपछि प्रगतिटोलका ५० भन्दा बढी किसान प्रत्यक्ष लाभान्वित भएका छन् । “सिँचाइको समस्या ल्याएर किसानहरू पटक–पटक धाउदै आएका थिए, उनले भने, त्यही माग मन्त्रीसमक्ष राख्दा उनले कोषमार्फत बजेट विनियोजन गरी योजना कार्यान्वयनमा ल्याउनुभयो ।

उनका अनुसार अब सिँचाइ अभावका कारण बाँझोजस्तै रहेका खेतहरूमा अन्नबाली, तरकारी तथा अन्य नगदे खेती विस्तार गर्न सकिने भएको छ । यसले स्थानीय किसानहरूको आयआर्जन बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । स्थानीय किसान हरिकृष्ण चौधरीले डिप बोरिङ जडानसँगै व्यावसायिक खेतीतर्फ आकर्षण बढेको बताए । “पहिले पानीको अभावका कारण थोरै जमिनमा मात्रै तरकारी र वसन्ते मकैखेती गर्थ्र्यौं”, उनले भने, “विद्युतीय मोटर प्रयोग गरेर पानी तान्दा पनि पर्याप्त सिँचाइ गर्न घण्टौँ लाग्थ्यो, तर अहिले त्यो समस्या हटेको छ । ” उनका अनुसार अब व्यावसायिक तरकारीखेती गरी राम्रो आम्दानी गर्ने लक्ष्य लिइएको छ ।

डिप ट्युबवेलको क्षमता करिब ६० बिघा जमिनमा सिँचाइ पु¥याउने रहेको बताइएको छ । यसले कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुने स्थानीयको विश्वास छ । केही पूर्वाधार अझै अधुरै रहेको किसानहरूले बताएका छन् । स्थानीय किसान यशोदा भट्टका अनुसार हाल बोरिङ गाड्ने काम मात्रै सम्पन्न भएको छ भने पानी वितरणका लागि आवश्यक पाइपलाइन विस्तार हुन बाँकी छ । आउँदो बजेटमा पाइपलाइन विस्तारका लागि आवश्यक बजेट विनियोजन गर्न वडा कार्यालयमार्फत सम्बन्धित निकायसँग अनुरोध गरेका छौँ, उनले भने । उनका अनुसार सिँचाइ प्रणालीलाई व्यवस्थित गर्न सकिए मात्रै सबै किसानसम्म समान रूपमा पानी पु¥याउन सकिनेछ । अन्यथा केही क्षेत्र मात्र लाभान्वित हुने र बाँकी किसान अझै समस्या झेल्नुपर्ने अवस्था आउन सक्ने उनको भनाइ छ ।रासस

# रूस र युक्रेनबीचको आक्रमणमा चार जनाको मृत्यु



**मस्को ।**
बेलगोरोडको रूसी सीमा क्षेत्रमा मङ्गलबार भएको युक्रेनी ड्रोन आक्रमणमा तीन जनाको र रूसी आक्रमणले मध्य युक्रेनमा एक जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

दक्षिणी रूसको प्रमुख तेल प्रशोधन केन्द्रमा युक्रनी आक्रमण पछि आगलागी भएको जनाइएको छ भने तटीय सहर टुआप्समा आगलागीका कारण बाक्लो कालो धुवाँले स्थानीय आपतकालको अवस्था उत्पन्न भएको जनाइएको छ ।

युक्रेनी सशस्त्र फौजले गरेको ड्रोन आक्रमणमा तीन जना सर्वसाधारणको मृत्यु हुनुका साथै अन्य तीन जना घाइते भएको बेलगोरोडका क्षेत्रीय गभर्नर व्याचेस्लाभ ग्ल्याडकोभले टेलिग्राम मार्फत जनाएको छ । एउटा कारलाई निशाना बनाइ गरिएको आक्रमणमा एक जना पुरुष र एक जना महिलाको मृत्यु भएको उनले पुष्टि गरेको छ ।

सन् २०२२ फेब्रुअरीमा युक्रेनमा आक्रमण सुरु भए देखि रूसले युक्रेनका प्रमुख पूर्वाधार स्थलहरूमा नियमित रूपमा बमबारी गरिरहेको जनाइएको छ । मध्य युक्रेनको क्रिवी रिग सहरमा भएको रूसी आक्रमणमा एक जनाको मृत्यु हुनुका साथै पाँच जना घाइते भएको ड्निप्रोपेट्रोभस्क क्षेत्रका प्रमुखले सामाजिक सञ्जाल मार्फत जनाएको छ ।

मस्कोको सेनाको क्षमतालाई कम गर्न रूसी ऊर्जा पूर्वाधारलाई लक्षित गरी आक्रमण गरिएको किभले बताएको छ । रूसको दक्षिणमा स्थित तटमा रहेको टुआप्स तेल प्रशोधन केन्द्रमा पछिल्लो समयमा धेरै पटक विस्पोट भएको जनाइएको छ ।

गत हप्ता भएको युक्रेनी ड्रोन आक्रमण पछि धेरै दिन सम्म उक्त तेल प्रशोधन केन्द्रमा आगो लागेको जनाइएको छ । सुरक्षाकोलागि अधिकारीहरूले स्थानीयवासीहरुलाई बाहिरी गतिविधि सीमित गर्न र घरमा झ्यालहरू बन्द गरेर आदेश दिएका छन् ।रासस

# पर्यटक बसका लागि बसपार्क नहुँदा समस्या



**काठमाडौँ ।**
सार्वजनिक सवारीसाधन सञ्चालनका लागि गोँगबुस्थित नयाँबसपार्क सञ्चालनमा रहे पनि पर्यटक बसका लागि छुट्टै बसपार्क नहुँदा समस्या भएको छ ।

सरकारले मुलुकको आर्थिक मेरुदण्डका रूपमा पर्यटन क्षेत्रलाई लिए पनि सङ्घीय राजधानीबाट मुलुकका विभिन्न पर्यटकीयस्थलका लागि छुट्ने सवारीसाधनका लागि छुट्टै बसपार्क नहुँदा पर्यटकले सास्ती व्यहोर्दै आएका छन् ।

काठमाडौँमा व्यवस्थित बसपार्क नहुँदा दैनिक हजारौँ आन्तरिक तथा बाह्य पर्यटक सोह्लखुट्टे सडकबाट ओहोरदोहोर गर्न बाध्य भएका छन् । करिब तीन दशकदेखि कान्तिपथ सडकबाट गुड्दै आएका पर्यटक बस २०७५ सालदेखि सोह्लखुट्टे सडकमै पार्किङ गरी सञ्चालन हुँदै आएका छन् ।

टुरिस्ट बस एसोसिएसन अफ नेपाल (टिवान)का भीष्म न्यौपाने पर्यटक बस पार्किङ तथा सञ्चालनका लागि टिवानले लामो समयदेखि आवाज उठाउँदै आए पनि अहिलेसम्म सुनुवाइ हुन नसकेको बताउँछन् ।

पर्यटक बसपार्क निर्माणका लागि विभिन्न सरोकारवाला निकायलाई सम्भावित स्थानबारे जानकारी गराइसकेका छौँ तर उहाँहरुले चासो नदिँदा पर्यटक बसपार्कले मूर्तरुप पाउन सकेको छैन, उनी भन्छन् । पर्यटकका लागि प्रभावकारी बस टर्मिनल अभावकै कारण पर्यटक सवारीसाधनलाई सहरका विभिन्न स्थानमा जथाभावी पार्किङ र रोकिनुपर्ने परिस्थितिले पर्यटकले समेत नकारात्मक अनुभव बटुल्न बाध्य भएका छन् ।

त्यसैगरी पोखरामा सञ्चालित पर्यटक बसपार्कसमेत अव्यवस्थित हुँदा पर्यटकलाई समस्या परेको अध्यक्ष न्यौपाने बताउँछन् । पर्यटक सवारीसाधनको स्पष्ट पहिचान र कार्य वर्गीकरण नहुँदा थप चुनौती थपिएको उन को भनाइ छ । हाल प्रचलित यातायात ऐन तथा पर्यटनसम्बन्धी ऐनबीच आवश्यक समन्वय र स्पष्टता नहुँदा पर्यटक सवारीसाधन सञ्चालनमा नीतिगत अन्योलता देखिएको छ । नेपालको पर्यटन उद्योगलाई टिकाउ, व्यवस्थित र प्रतिस्पर्धी बनाउन सक्षम, सुरक्षित, सुविधासम्पन्न र पहिचानयुक्त पर्यटन यातायात पूर्वाधार आवश्यक रहेको टिवानले जनाएको छ ।

काठमाडौँ महानगरपालिकाले पछिल्लो समय काठमाडौँभित्र अव्यवस्थित रूपमा पार्किङ भई सञ्चालन हुँदै आएका सार्वजनिक सवारीसाधनलाई
नयाँबसपार्कभित्रबाट सञ्चालन गर्ने निर्णय गरेको छ । महानगरको निर्णयसँगै गत हप्तादेखि माछापोखरी, बालाजु क्षेत्रबाट अवैध रूपमा सञ्चालन हुँदै नुवाकोट, रसुवा र धादिङ चल्ने सवारीसाधन
नयाँबसपार्कभित्रबाट सञ्चालन हुन थालेका छन् ।

टिवानका अध्यक्ष न्यौपाने पर्यटक बसपार्क निर्माणका लागि राज्यले कुनै चासो नदिएको बताउँछन् । पर्यटक बसपार्क लागि छुट्टै ‘पिक एन्ड ड्रप’ नहुँदा पर्यटकले सास्ती खेप्नुपरेको उनको भनाइ छ । सरकारले पर्यटनमार्फत अर्थतन्त्रलाई सबल बनाउन खोजे पनि यसका लागि पूर्वाधार निर्माणमा ध्यान नदिएको अध्यक्ष न्यौपाने बताउँछन् । नेपाल एसोसिएसन टुर्स एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलियाले नाट्टाले लामो समयदेखि आधुनिक र सुविधासम्पन्न पर्यटक बसपार्कको आवाज उठाउँदै आए पनि उक्त कुराको सुनुवाइ हुन नसकेको बताए ।

हाल काठमाडौँबाट पोखरा र चितवनको सौराह, लुम्बिनी र जनकपुरका लागि मात्रै दैनिक झन्डै एक सय पर्यटकीय बस आवतजावत गर्दै आएका छन् भने दैनिक तीन हजारदेखि चार हजारको हाराहारीमा स्वदेशी तथा विदेशी पर्यटकले पर्यटक बसमा यात्रा गर्ने गरेका छन् । व्यवसायीले हाल बिहान ५ः०० देखि ७ः०० बजेसम्म सोह्लखुट्टेको सडकमा पर्यटकीय बस पार्किङ गरेर यात्रु बोक्दै आएका छन् भने रातको समयमा विभिन्न ग्यारेजमा शुल्क तिरेर पार्किङ गर्दै आएका छन् ।रासस

# प्रधानमन्त्री कप एनभीए भलिबल लिगमा महिलातर्फ फाइनलमा

**काठमाडौं ।**
न्यु डायमण्ड युथ स्पोर्टस क्लब प्रधानमन्त्री कप एनभीए महिला तथा पुरुष भलिबल लिगमा महिलातर्फको फाइनलमा पुगेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा मंगलबार विभागीय टोली एपीएफ क्लबलाई ३–१ को सेटमा हराउँदै न्यु डायमण्ड फाइनल पुगेको हो ।

लगातार चौथो जित दर्ता गर्ने क्रममा पहिलो सेट २५–२१ ले आफ्नो पक्षमा पारेको डायमण्डले दोस्रो सेट २०–२५ ले गुमाए पनि त्यसपछिका दुई सेट २५–१८ र २५–२१ ले आफ्नो पक्षमा पारेको हो । जीतसँगै १२ अंक जोडेको न्यू डायमण्ड शीर्ष स्थानमा छ ।

समान चार खेल खेलेको एपीएफको ६ अंक रहेको छ । त्यस्तै महिलातर्फको अर्को खेलमा सुदूरपश्चिम प्रदेशलाई ३–० को सोझो सेटमा पराजित गर्दै त्रिभुवन आर्मी क्लबले पहिलो जित दर्ता गरेको छ । आर्मीले २५–१५, २५–१० र २५–५ ले खेल आफ्नो पक्षमा पारेको हो ।

त्यस्तै मंगलबार भएको पुरुषतर्फको खेलमा खिल्जी युवा क्लवले कोशी प्रदेश भलिबल क्लबलाई ३–० को सोझो सेटमा पराजित ग¥यो । खेलमा खिल्जी २५–१९, २५–२० र २७–२५ ले बिजयी भएको हो ।

नेपाल भलिबल संघको आयोजनामा जारी प्रतियोगितामा क्लब च्याम्पियनसिपबाट छनोट भएका महिलातर्फका ६ र पुरुषतर्फका ८ टोलीले लिगमा प्रतिस्पर्धा गरिरहेका छन् । महिला र पुरुष दुवैतर्फको विजेताले १० लाख, दोस्रोले ५ लाख र तेस्रो टोलीले २ लाख ५० हजार रुपैयाँ प्राप्त गर्ने संघले जनाएको छ ।

# भुम्लुका २३५ किसानलाई अनुदानमा मिनीटिलर



**धुलिखेल।**
धुलिखेलको भुम्लु गाउँपालिकाका किसानलाई अनुदानमा मिनीटिलर वितरण गरिएको छ । कृषिलाई व्यावसायिक तथा प्रतिस्पर्धा बनाई उत्पादन तथा उत्पादकत्व बढाउने उद्देश्यसहित कृषि यान्त्रिकीकरणमा जोड दिन गाउँपालिकाले ५० प्रतिशत अनुदानमा मिनीटिलर वितरण गरेको हो।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णबहादुर खत्रीले किसानका मागका आधारमा दुई सय ३५ वटा मिनीटिलर वितरण गरिएको जानकारी दिए।

कृषिलाई आधुनिकीकरण र यान्त्रिकीकरण गरी थोरै लगानीमा बढी प्रतिफल लिन सक्नेगरी गाउँपालिकाले अघि सारेको नीति कार्यक्रमअनुसार उपकरण वितरण गरिएको उनले बताए।

गाउँपालिका अध्यक्ष प्रेमबहादुर भुजेलले यस कार्यले किसानलाई कृषिकर्म लाग्न उत्प्रेरित गर्दै उत्पादन र उत्पादकत्व बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । आगामी दिनमा अन्य कृषि औजार पनि वितरण गर्ने योजना रहेको उनले बताए।

परम्परागत रूपमा खेती गर्दै आएका किसान अनुदानमा उपकरण पाएपछि खुसी भएका छन् । भुम्लु गाउँपालिका–९ का किसान भोलानाथ पराजुली यसअघि अरूको सहयोगमा खेती गर्दै आएकामा अब मिनीटिलर पाएपछि सहज हुने बताए । सोही वडाका भिमानन्द पराजुलीले मिनीटिलरबाट खेती गर्न सहज हुने र उत्पादन वृद्धिमा पनि सहयोग पुग्ने भन्दै खुसी व्यक्त गरे।

# पर्यटकहरुको आकर्षणको केन्द्र बन्दै पर्सा राष्ट्रिय निकुञ्ज




**बागमती ।**
नेपालमा पाइने रैथाने हात्तीको प्रमुख वासस्थान मानिएको पर्सा राष्ट्रिय निकुञ्जमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्दै गएको छ ।

प्राकृतिक सुन्दरतासँगै वन्यजन्तुको गर्न सकिने जैविक विविधताको धनि मानिएको सो निकुञ्जमा आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटकहरु आउने क्रम बढेको हो ।

पर्यटकीय सम्भावना र पूर्वाधारको विकासलाई आधार बनाएर सरकारले यसलाई गत २०७४ सालमा नेपालको १२ औँ निकुञ्जको रुपमा घोषणा गरिएको थियो । पर्सासहित बारा र मकवानपुर जिल्लासँग जोडिएको सो निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकको लागि खुल्ला गरिएको छ । विगतको भन्दा अहिले निकुञ्जमा आन्तरिक तथा छिमेकी मुलुक भारतका पर्यटकहरु क्रम बढेको छ, निकुञ्जका सूचना अधिकारी सन्तोषकुमार भगतले भने, बाह्यभन्दा आन्तरिक पर्यटक धेरै आउने गरेका छन् ।

उनका अनुसार चालु आर्थिक वर्ष २०८२÷८३ को नौ महिनाको अवधिमा ४१३ जना पर्यटक आएका छन् । निकुञ्ज घुम्न आउने पर्यटकहरुमा सार्क मुलुकका १४ जना र सार्क बाहिरका एक जना विदेशी पर्यटक रहेको सूचना अधिकारी भगतले बताए । सरदर वार्षिक एक हजारको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरु घुम्न आउने गरेका छन्, सूचना अधिकारी भगतले भने, खासगरी कात्तिकदेखि चैत महिनासम्म बढी पर्यटक आउँछन्, वर्षा मौसम सुरु भएपछि बन्द हुन्छ । वैशाखदेखि असोज महिनासम्म पर्यटक खासै आउँदैन्, उनले भने ।

निकुञ्जभित्र ऐतिहासिक तथा प्राचीन माया मन्दिर, दुग्धेश्वर महादेव मन्दिरजस्ता धार्मिकस्थल छन् भने कामिनी दह, हलखोरिया दह र लौकी दहजस्ता प्राकृतिक तथा मनोरम दहहरु पर्यटकको प्रमुख आकर्षणको केन्द बनेको हो । निकुञ्जभित्रको हरियाली मनोरम दृश्य र वन्यजन्तुहरुले पर्यटकलाई लोभ्याइरहेको छ”, स्थानीय सुभाष बुढाथोकीले भने, यहाँ आउने पर्यटकहरु निकुञ्जभित्र घुम्ने र हात्ती सफारी गर्ने गर्छन् ।

पानीको मुख्य समस्या देखिएको निकुञ्जभित्र पानीको सहजका लागि ठाउँठाउँमा कृतिम पोखरी निर्माण गरेसँगै ती पोखरीहरुमा ट्याङ्करबाट पानी हालेपछि पाटेबाघसहितका वनजन्तुहरुको संख्यासमेत वृद्धि भएको छ । निकुञ्जको पछिल्लो गणनाअनुसार निकुञ्जमा पाटेबाघको संख्या ४१ पुगेको छ ।

निकुञ्जले प्राकृतिक रुपमा कृतिम पोखरी निर्माण गरेपछि निकुञ्जमा वन्यजन्तुको संख्या बढ्दै गएको निकुञ्जका प्रमुख रामचन्द्र खतिवडाले बताए । कूल ६२७ दशमलव ३९ वर्गकिलोमिटर क्षेत्रफमा फैलिएको सो निकुञ्जभित्र दुर्लभ पाटेबाघ, भालु, गैँडा, हात्ती, चित्तल, जरायो, चितुवा, जङ्गली कुकुर, नीलगाई र गौरीगाईजस्ता ३७ प्रजातिका स्तनधारी जनावर, चार सय ९० प्रजातिका चराचुरुङ्गी, १३ प्रजातिका सरीसृप र ३१ प्रजातिका पुतलीहरूको वासस्थान छ ।

निकुञ्ज घुम्न आउने पर्यटकहरूको अवलोकन र घुमफिरका लागि निकुञ्जको जङ्गलभित्र एक दर्जन ‘भ्यु टावर’ समेत बनाइएको छ । यसैगरी पर्यटकलाई जङ्गल सफारी गर्न निकुञ्जको हात्तीसारमा एक दर्जन हात्ती राखिएका छन् । निकुञ्जभित्र ‘फायर–लाइन’ पनि भएकाले हात्तीको जङ्गल सफारी गर्न नचाहने पर्यटकले आफ्नो निजी सवारीमा जङ्गल सफारी गर्नसक्ने व्यवस्थासमेत मिलाइएको प्रमुख खतिवडाको भनाइ छ ।

निकुञ्जभित्र आउने नेपाली पर्यटकका लागि रु १००, सार्क मुलुकभित्रका पर्यटकका लागि ७५० र विदेशी पर्यटकका लागि एक हजार ५०० प्रवेश शुल्क निर्धारण गरिएको छ । यस्तै जिप सफारीका लागि दुई हजार ५०० र गाईडका लागि वार्षिक एक हजार ५०० शुल्क तोकिएको प्रमुख खतिवडाले बताए । निकुञ्जलाई मधेस प्रदेशकै पर्यटकीय गन्तव्य बनाउन निकुञ्ज कार्यालयले आवश्यक भौतिक पूर्वाधारको निर्माणसँगै प्रचारप्रसारलाई समेत प्राथमिकतामा राखेको जनाएको छ ।रासस

# बाँकेमा १५६ विभिन्न वन्यजन्तुको उद्धार



**बाँके ।**
बाँकेमा आर्थिक वर्ष २०८२÷८३ को अहिलेसम्म १५६ वटा विभिन्न वन्यजन्तुको उद्धार गरिएको छ । जैविक मार्ग आसपासमा बढेको बस्ती र गर्मी मौसममा पानीको खोजीमा भौतारिँदै हिँडेका वन्यजन्तुको उद्धार गरिएको डिभिजन वन कार्यालय बाँकेका वरिष्ठ वन अधिकृत सुशील सुवेदीले जानकारी दिए ।

उनले विगतका वर्षभन्दा चालु आवमा विभिन्न वन्यजन्तुको उद्धार गर्ने कार्यमा वृद्धि हुँदै गएको उल्लेख गर्दै चित्तल, निलगाईजस्ता वन्यजन्तु जैविक मार्ग क्षेत्र आसपास पानी खोज्दै हिँडेकाले र पुरानो बस्ती भएको क्षेत्र पुरानो जङ्गल क्षेत्रमा सर्प भएकाले पनि उद्धार गरिएको बताए । "पछिल्लो समय सर्प मार्नु हुँदैन भन्ने चेतनाको विकास भएको छ, यो असाध्यै सकारात्मक विषय हो", उनले भने ।

आव २०८१÷८२ मा वन कार्यालयले विभिन्न प्रजातिका १३८ वटा वन्यजन्तुको उद्धार गरेको थियो । त्यसैगरी आव २०८०÷८१ मा ९९, आव २०७९÷८० मा ४२, आव २०७८÷७९ मा ३१, आव २०७७÷७८ मा ३४ र आव २०७६÷७७ मा १७ वटा वन्यजन्तुको उद्धार भएको डिभिजन वन कार्यालयले उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ । यसले हरेक वर्ष उद्धार गरिने वन्यजन्तुको सङ्ख्यामा उल्लेख्य वृद्धि हुँदै गएको देखिएको छ ।

चालु आवको हालसम्म घाइते, टुहुरा, बाटो बिराई गाउँबस्तीमा प्रवेश गरेका तथा सङ्कटमा परेका विभिन्न प्रजातिका १५६ वटा वन्यजन्तुको उद्धार गरिएको डिभिजन वन कार्यालयका वरिष्ठ वन अधिकृत सुवेदीले बताए ।

जिल्लाका नेपालगन्ज, कोहलपुर, खजुरालगायत स्थानबाट चित्तल, धामन, हुचिल, करेत, गोमन, सुनगोहोरो, गोही, पानीसर्प, राजगोमन, अजिङ्गर, बँदेल, नीलगाई, रसेल भाइपर तथा कालो बिरालोलगायत वन्यजन्तुको उद्धार गरिएको वरिष्ठ वन अधिकृत सुवेदीले जानकारी दिए ।

उनका अनुसार सबैभन्दा बढी सर्प प्रजातिको उद्धार गरिएको छ ।

विभिन्न प्रजातिका १३४ वटा सर्पका उद्धार भएको हो । जसमध्ये ६८ वटा गोमन, २६ धामन, १९ करेत, अजिङ्गर नौवटा, सातवटा रसेल भाइपर, चारवटा पानीसर्प र एउटा राजगोमन रहेका छन् ।

त्यसैगरी गोही आठ, सुनगोहोरो चार, चित्तल चार, नीलगाई तीन र हुचिल, बँदेल तथा कालोबिरालो एक–एकवटा उद्धार गरिएको छ । उद्धार गरिएका वन्यजन्तुलाई बाँकेको विभिन्न राष्ट्रिय तथा सामुदायिक वनमा पुनस्थापना गरिएको उनले बताए । केही वन्यजन्तुलाई बाँके राष्ट्रिय निकुञ्जमा पठाइने गरिएको छ । घाइते वन्यजन्तुलाई डिभिजन वन कार्यालयमा राखेर आवश्यक औषधि उपचारपश्चात् पूर्ण रुपमा निको भएपछि मात्र जङ्गलमा पुनःस्थापना गरिँदै आइएको उनको भनाइ छ । रासस

# नर्सिङ र एच.ए. पढाउने गण्डकी प्रदेश सरकारको तयारी




**गण्डकी ।**
प्रक्रियागत ढिलाइका कारण गत वर्ष सुरु हुन नसकेको प्रवीणता प्रमाणपत्र तहको एचए र स्टाफ नर्स विषयको पढाइ यस वर्षदेखि सञ्चालन गर्न गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयले तयारी अगाडि बढाएको छ ।

गत असार १६ गते प्रदेश मन्त्रिपरिषद् बैठकले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीइभिटी) सँगको सहकार्यमा गोरखाको आँपपिपल अस्पतालमा एचए र बागलुङको धवलागिरि अस्पतालमा स्टाफ नर्स विषयको पढाइ सुरु गर्ने निर्णय गरेको थियो ।

स्वास्थ्यमन्त्री लक्ष्मणबहादुर पाण्डेसहित मन्त्रालयका पदाधिकारी, पूर्वस्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठक, सम्बन्धित अस्पताल र 'सिटीइभिटी'का प्रतिनिधिसहित सोमबार मन्त्रालयमा बसेको संयुक्त बैठकले एचए र स्टाफ नर्सको पढाइ सञ्चालनका लागि तदारुकताका साथ तयारी अगाडि बढाउने निर्णय गरेको मन्त्रालयका अतिरिक्त प्रदेश सचिव खिमबहादुर खड्काले बताए । गत वर्ष नै पढाइ सञ्चालन गर्ने तयारी थियो, अनुमति लिने प्रक्रिया लम्बिएकाले सुरु हुन सकेन, उनले भने, मन्त्रालय र सिटीइभिटीबीच तत्काल प्रक्रिया अगाडि बढाउने निर्णय भएको छ, हामी त्यसमै लागिपरिरहेका छौँ ।

'सिटीइभिटी' गण्डकी प्रदेश कार्यालयका प्रमुख शारदा घिमिरेले परिषद्को आगामी बैठकमा प्रस्ताव पेस गर्नेगरी तयारी भइरहेको बताए । शिक्षामन्त्रीको अध्यक्षतामा रहेको परिषद्ले अनुमति दिने निर्णय गरेपछि पढाइ सञ्चालन हुने उनको भनाइ छ । प्रस्ताव तयार छ, परिषद्को आगामी बैठकमा पेस हुन्छ, प्रमुख घिमिरेले भने, "स्टाफ नर्स र एचए पढाउन सिटीइभिटी र प्रदेश सरकार तयारी अवस्थामा छ ।

गण्डकी प्रदेशसभा सदस्य तथा पूर्वस्वास्थ्यमन्त्री पाठकले माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजालगत्तै सञ्चालन गर्नेगरी प्रदेश सरकारले पूर्वाधार तथा स्रोत व्यवस्थापनको काम गरिसकेको बताए । स्वास्थ्य मन्त्रालय र सिटीइभिटीले आवश्यक बजेटसमेत विनियोजन गरेको उनको भनाइ छ । परिषद् बैठकबाट अनुमतिप्राप्त भएपछि सिट निर्धारण हुने उनले बताए ।

मन्त्रालयले अनुमति लिने प्रक्रियासँगै पढाइ सञ्चालनका लागि प्राविधिक र व्यवस्थापकीय तयारीलाई तीव्रता दिएको छ । दुवै अस्पतालमा भौतिक पूर्वाधारदेखि र मानवसंशाधनको उपलब्धता रहेकाले पढाइ सुरु गर्न कुनै समस्या नरहेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले धवलागिरि प्रादेशिक अस्पताललाई गत वर्ष सय शय्यामा स्तरोन्नति गरेपछि स्टाफ नर्स पढाउने बाटो खुलेको थियो । एचए पढाउने तयारी भइरहेको गोरखाको आँपपिपल अस्पताल पनि अहिले ५० शय्यामा स्तरोन्नति गरिएको छ । स्टार्फ नर्सका लागि बागलुङ नगरपालिका–१४ स्थित 'सिटीइभिटी'को भवनमा सैद्धान्तिक विषयको पढाइ र व्यावहारिक अभ्यास धवलागिरि अस्पतालमा गर्नेगरी तयारी गरिएको छ । गोरखाको आँपपिपल अस्पतालमा एचए पठनपाठनका लागि भने केही पूर्वाधार थप्नुपर्ने आवश्यकता रहेको जनाइएको छ ।

पालुङटार नगरपालिकाअन्तर्गत रहेको उक्त अस्पताल गत वर्षमात्र प्रदेश सरकारमातहत ल्याइएको थियो । यी अस्पतालमा स्टाफ नर्स र एचए विषयको पढाइ सुरु भएमा स्वास्थ्य क्षेत्रमा जनशक्ति उत्पादनका दृष्टिले महत्त्वपूर्ण उपलब्धि हुने विश्वास लिइएको थियो । प्राविधिक विषयको पढाइ सुरु गर्ने विषयमा सिटीइभिटीको उच्च नेतृत्वसँग मुख्यमन्त्री र मन्त्रालयतहबाट भएको पटकपटकको छलफलपछि प्रदेश सरकारले उक्त निर्णय गरेको थियो ।

न्यून आय भएका र सीमान्तकृत समुदायका विद्यार्थीलाई प्रदेश सरकारबाट पूर्ण छात्रवृत्तिको सुविधासमेत दिनेगरी तयारी गरिएको छ । पछिल्लो समय स्वास्थ्य क्षेत्रमा प्राविधिक विषय पढ्ने विद्यार्थीको सङ्ख्या घट्दै गएकामा यी विषयको अध्ययन÷अध्यापनमा जोड दिइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । जिल्लास्तरमा नर्सिङ, स्टाफ नर्सलगायत चिकित्सा विषयको पढाइ नहुँदा ग्रामीण भेगका विद्यार्थी ठूलो रकम खर्चेर पोखरालगायत ठूला सहरमा जानुपर्ने बाध्यता छ । रासस

# चौबीस घण्टामा दुई हजार ७४६ जना कारबाहीमा



**काठमाडौँ ।**
ट्राफिक प्रहरीले पछिल्लो चौबीस घण्टामा दुई हजार ७४६ वटा सवारीसाधनका चालकलाई कारबाही गरेको छ ।

मंगलबार बिहानसम्म काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा ट्राफिक प्रहरीले सञ्चालन गरेको जाँचका क्रममा मादक पदार्थ (मापसे) सेवन गरी सवारी चलाउने ७९, राइड सेयरिङमा २२५, रातोबत्तीमा १७५, तीव्रगतिमा १४८, लेनक्रसमा ३२४, सडक फुटपाथमा १४९, हर्न निषेधमा ५५, ओराल्ने र चढाउनेमा ५४, अन्यमा एक हजार ५३७ गरी दुई हजार ७४६ जना चालकलाई कारबाही गरिएको ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए । उनले भने, बितेको चौबीस घण्टाको अवधिमा उपत्यकामा ट्राफिक नियम उल्लङ्घन गर्ने दुई हजार ७४६ वटा सवारीसाधनका चालकलाई कारबाही गरिएको छ । उक्त कारबाहीबाट जम्मा राजस्व रकम २९ लाख ६४ हजार ५०१ सङ्कलन भएको छ ।

मादक पदार्थ सेवन गरी सवारी चलाउनु कानुनविपरीत तथा दण्डनीय कार्य भएको र चालकले मादक पदार्थ वा लागुपदार्थ सेवन गरेको शङ्का लागेमा यात्रुले तत्काल नजिकैको प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नम्बर १०३ र प्रहरीको हटलाइन नम्बर १०० मा खबर गर्न ट्राफिक प्रहरीले आग्रह गरेको छ । रासस

# दुई स्थानीय तहले राष्ट्रिय परिचयपत्र वितरण गर्दै

**चितवन**
चितवनका दुई स्थानीय तहले राष्ट्रिय परिचयपत्र वितरण गर्ने भएको छ । भरतपुर महानगरपालिका र माडी नगरपालिकाले स्थानीय तहबाटै राष्ट्रिय परिचयपत्र वितरण गर्न लागेको हो ।

जिल्ला प्रशासन कार्यालय चितवनका सूचना अधिकारी मदन लामा थिङका अनुसार इलाका प्रशासन कार्यालय माडी र भरतपुर महानगरपालिका वडा नम्बर १ देखि १५ सम्मका बासिन्दाका लागि महानगरपालिकाबाट राष्ट्रिय परिचयपत्र वितरण गर्न लागिएको हो । भरतपुर महानगरपालिका वडा नम्बर १६ देखि २९ सम्म र अन्य पालिकाका बासिन्दाका लागि भने जिल्ला प्रशासन कार्यालयबाटै राष्ट्रिय परिचयपत्र वितरण गरिने जनाइएको छ ।

त्यसैगरी प्रशासनमा बनेर आएका परिचयपत्रसमेत ती दुई ठाउँमा पठाइएको छ । इलाका प्रशासन कार्यालय माडीमा वितरणका लागि १० हजार कार्ड पठाइसकिएको छ । महानगरपालिका–१५ सम्मको ३६ हजार परिचयपत्र पठाइएको उनले जानकारी दिए । उनका अनुसार भरतपुर महानगरपालिकाबाट क्रमशः महानगरभित्रका सबै वडाको परिचयपत्र वितरण गरिने छ ।

गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा जल्न बाँकी रहेका परिचयपत्र वितरण गर्न लागिएको हो । प्रदर्शनपछि खिचिएका परिचयपत्रहरु अहिले नआएकाले पुराना परिचयपत्र वितरण गर्न लागिएको उनले बताए । रासस

# बालसुधार गृह सञ्चालन गर्न आर्थिक समस्यामा




**बागमती ।**
क्षमताभन्दा बढी बाल कैदीबन्दी भएपछि मकवानपुरको हेटौँडास्थित बालसुधार गृहमा समस्या भएको छ । न्यून भौतिक पूर्वाधार, बजेटको अभाव, सरकारी उदासिनता र क्षमताभन्दा बढी बालक र किशोरहरु खचाखच राख्नुपर्ने बाध्यताका कारण बालसुधार गृह समस्यामा परेको हो ।

बालसुधार गृहमा ३० जनाको क्षमता भएकोमा हाल दोब्बरभन्दा बढी ८९ जना बालक तथा किशोरलाई कोचेर राखिएको छ । जसका कारण गृहमा रहेका बालक तथा किशोरहरुमा स्वास्थ्य समस्यासँगै गृहलाई व्यवस्थापनमा समेत कठिनाइ भइरहेको बालसुधार गृहका प्रमुख प्रदीप गौतमले बताए ।

मकवानपुर र चितवनका बालकलाई लक्षित गरी गत २०७५ सालमा स्थापना भएको सो बालसुधार गृहमा अन्य जिल्लाबाट समेत बालक कैदीबन्दीहरुलाई ल्याएर राख्न थालेपछि थप समस्या भएको प्रमुख गौतमले बताए ।

विशेषगरी जेनजी आन्दोलनका क्रममा गत भदौ २३÷२४ गते भक्तपुरस्थित बालसुधार गृहमा भएको तोडफोडका कारण सञ्चालनमा समस्या भएपछि त्यहाँका बाल कैदीबन्दीलाई हेटौँडास्थित बालसुधार गृहमा सारिएको छ । मधेस प्रदेशबाट पनि ३० जना बाल कैदीबन्दीलाई हेटौँडा बालसुधार गृहमा ल्याएपछि थप समस्या भएको प्रमुख पौडेलको भनाइ छ ।

उनका अनुसार हाल हेटौँडास्थित बालसुधार गृहमा हाल १४ देखि २३ वर्ष उमेर समूहका बालकहरु छन् । तीनमध्ये १८ वर्ष नाघेका २९ जना रहेका छन् । कानुनी रुपमा १८ वर्षमाथिका लागि छुट्टै व्यवस्थापन गर्नुपर्ने भए पनि ठाउँ अभावका कारण एकै ठाउँमा सबैलाई राख्नुपर्ने बाध्यता रहेको प्रमुख पौडेलले बताए ।

ठाउँ अभावका कारण सो गृहमा बालबालिका उकुसमुकुसपूर्ण दैनिकी बिताउन बाध्य रहेका छन् । एउटै कोठाभित्र धेरै जना कोचेर बस्नुपर्दा सवास्थ्यलगायतका समस्या भइरहेको गृहमा रहेकाहरुले गुनासो गरेका छन् । धेरै मान्छे कोचाकोच गरी बस्दा अक्सिजनको मात्रा घटेर कतिपयमा खुट्टा सुनिने र श्वासप्रश्वासको समस्या हुने गरेको बालसुधार गृहमा कार्यरत स्टाप नर्स सविना न्यौपानेले बताए ।

बिरामी पर्नेहरुलाई पहिला हामी गृहभित्रै उपचार गर्छौं, स्टाप नर्स न्यौपानेले भने, समस्या बढ्दै गएपछि थप उपचारका लागि हेटौँडा अस्पतालमा लैजान्छौँ । जाडो मौसममा भन्दा गर्मी समयमा स्वास्थ्य समस्या चाहिँ बढी हुन्छ, उनको भनाइ छ । ठाउँ साँघुरो भएकाले गृहमा रहेका बालक र किशोरहरुलाई चेस, क्यारेमबोटलगायतका खेलबाहेक अन्य खेल खेल्न कठिनाइ रहेको गृहले जनाएको छ । हामीसँग फुटबल, भलिबललगायतका अन्य खेलकुद गर्ने ठाउँ पर्याप्त छैन, त्यसैले अहिले चेस, क्यारेमबोड खेल मात्र भइरहेको छ । हामीले चाहेर पनि ठाउँ नभएर बालक र किशोरहरुलाई फुटबल, भलिबल खेल दिइरहेका छैनौँ उनले भने ।

सो बालसुधार गृहमा साना ठूला गरी चारवटा कोठा छन् । हामीसँग कोठा कम छ, ओढ्ने ओच्छ्याउनेको अभाव छ", प्रमुख पौडेलले भने, त्यसैले बालकहरुलाई भुइँमै सुताउनुपर्ने अवस्था छ । क्षमताभन्दा बाल कैदीबन्दी हुँदा शौचालयका लागि पनि लाइनमा बस्नुपर्ने बाध्यता छ, उनले भने । कानुनी विवादमा परेर अदालतबाट पुर्पक्ष तथा कैद सजायका लागि सो सुधार गृहमा बालक र किशोरहरुलाई पठाइएका हुन् । बालसुधार गृहमा रहेकामध्ये धेरैजसो यौन दुव्यवहार मुद्दाका छन् भने अन्य लागुऔषध, चोरी, कर्तव्य ज्यानलगायतका मुद्दाका रहेका छन् । केही बालबालिका भने मानव बेचबिखन तथा ओसारपसार, खोटा चलन, नेपाली नागरिकता उद्योग र बालविवाह मुद्दाका पनि रहेका छन् ।

बालबालिकाको मुद्दा अधिकतम १२० दिनमा फैसला गरिनुपर्ने व्यवस्था ऐनमा रहे पनि लामो समयसम्म फैसला नहुँदा सुधार गृहमा क्षमताभन्दा बढी बालक तथा किशोर रहेको प्रमुख गौतमले बताए । बालसुधार गृहमा रहेका बालक र किशोरहरुको मानसिक र शैक्षिक विकासका लागि गृहभित्रै पुस्तकालय तथा मनोरञ्ज कक्षसमेत सञ्चालन गरिएको गृहले जनाएको छ । तर झन्झटिलो कानुनी व्यवस्थाहरुका कारण गृह सञ्चालनका लागि धेरै निकायहरुसँग समन्वय गर्नुपर्ने अवस्थाका कारण थप समस्या भइरहेको उनको गुनासो छ ।

सङ्घीय सरकार मातहत रहेको बालसुधार गृहमा देखिएको समस्या समधानका लागि सरकारले समयमै ध्यान दिनुपर्ने हेटौँडाका समाजसेवी कमलकुमार विश्वकर्माको भनाइ छ । बालसुधार गृह अहिले यातना गृहजस्तै बन्न थालेको छ, उनले भने, यो एकदमै दुःखद् कुरा हो, यसलाई सरकारले गम्भीरतापूर्वक लिनुपर्छ । रासस

# गर्मी बढेसँगै शुक्लाफाँटामा सुक्न थाले ताल




**महेन्द्रनगर ।**
कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्रका अधिकांश ताल सुक्न थालेपछि वन्यजन्तुलाई समस्या भएको छ । गर्मीसँगै निकुञ्जभित्रका प्राकृतिक र कृत्रिम तालहरुमा समेत पानीको सतह घटेको निकुञ्ज कार्यालयले जनाएको छ । प्रायः तालहरु गर्मीका कारण सुकिरहेको भएपनि सोलार जडान गरेर पानी भर्ने काम पनि हुन्छ, निकुञ्जका सुचना अधिकारी पुरुषोत्तम वाग्लेले भने, "निकुञ्जभित्र शिकारी तालबाहेकका तालहरुमा पानीको सतह निकै कम हुँदै गएको छ । उनले बाबा ताल, रानी ताल, सालगौडी ताल लगायतका तालहरु सुक्न थालेको बताए । ताल छेउछाउमा जडान गरेका सोलार जङ्गली हात्तीले भत्काइदिने गर्दा समस्या सिर्जना हुन्छ, सूचना अधिकारी वाग्लेले भने, वन्यजन्तुका लागि पानीको व्यवस्थापनमा धेरै तालहरुमा सोलार प्यानल जडान गरेर पानी भर्दै आएका छौँ ।

विश्वमै बाह्रसिङ्गाको दुर्लभ झुण्ड देख्न पाइने कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्रका प्राकृतिक तालहरु संरक्षण अभावमा पुरिँदैसमेत गएका छन् । यहाँभित्र रानीताल, कालीकिच ताल र शिकारी ताल लामो समयदेखि जलकुम्भीले भरिँदा तालको अस्तित्व नै सङ्कटमा छ ।

निकुञ्जभित्रका एक दर्जनभन्दा बढी ताल पुरिँदै गएपनि बजेट अभावका कारण सरसफाइ गर्न सकिएको छैन, उनले भने, कृत्रिम र प्राकृतिक गरी १२० वटा तालतलैया छन् । विश्वमै दुर्लभ दुई हजार ४०० भन्दा बढी बाह्रसिङ्गा र थोरै क्षेत्रफलमा ४४ वटा पाटेबाघ रहेको शुक्लाफाँटामा ४३० भन्दा बढी प्रजातिका चराचुरुङ्गी छन् । बाघ गणना यस वर्ष सकिएको छभने अहिले निकुञ्जभित्र बाह्रसिङ्गा गणना चलिरहेको निकुञ्ज कार्यालयले जनाएको छ । रासस

# बुधबार साँझदेखि तीव्र गतिको हावाहुरीसहित वर्षाको सम्भावना

**काठमाडौँ ।**
जल तथा मौसम विज्ञान विभागले बुधबार साँझदेखि देशका विभिन्न क्षेत्रमा तीव्र गतिको हावाहुरीसहित मेघगर्जन, चट्याङ, असिना र वर्षाको सम्भावना रहेको भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

विभागका मौसमविद् सञ्जीव अधिकारीका अनुसार बुधबार सुदूरपश्चिम प्रदेशका डडेलधुरा र डोटी, लुम्बिनी प्रदेशका बर्दिया, बाँके, दाङ र अर्घाखाँची, मधेस प्रदेशका धनुषा र बारा तथा कोशी प्रदेशको मोरङसहित आसपासका जिल्लामा तीव्र हावाहुरी चल्ने सम्भावना रहेको छ ।

विभागले हावाहुरी सुरु हुने सम्भावित समय बुधबार साँझ ५:४५ बजे तथा समाप्त हुने सम्भावित समय बिहीबार बिहान ७:४५ बजे रहने जनाएको छ ।

पश्चिमी प्रणाली पूर्वतर्फ सर्दै गएकाले देशका धेरै स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरी र असिनासहित वर्षा हुने सम्भावना रहेको विभागले जनाएको छ ।

प्रतिकूल मौसमका कारण जनजीवन, कृषि, यातायात तथा विद्युत् सेवामा असर पर्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन विभागले आग्रह गरेको छ ।

# विज्ञापन नीतिमा महासंघको आपत्ति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रेस स्वतन्त्रता र सञ्चारकर्मीहरूको अधिकार संरक्षणको मागसहित नेपाल पत्रकार महासंघले सञ्चालन गरेको देशव्यापी आन्दोलनअन्तर्गत धनुषा जिल्लामा पनि गतिविधि तीव्र बनाइएको छ ।



अभियानकै क्रममा नेपाल पत्रकार महासंघ धनुषाले जिल्ला समन्वय समितिमार्फत जिल्लाका सबै नगरपालिका, गाउँपालिका तथा तिनका महासंघहरूलाई ध्यानाकर्षण पत्र बुझाएको छ । संघीय सरकारले सरकारी विज्ञापन वितरणमा सरकारी मिडियालाई प्राथमिकता दिने नीति ल्याएको विषयलाई केन्द्रमा राख्दै महासंघले विरोध जनाएको हो ।

महासंघ धनुषाका अध्यक्ष पुरन साहको नेतृत्वमा गएको टोलीले जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डललाई औपचारिक रूपमा ध्यानाकर्षण पत्र बुझाएको हो ।

पत्रमार्फत पत्रकारहरूको सुरक्षा, अभिव्यक्ति स्वतन्त्रता तथा सञ्चार क्षेत्रसँग सम्बन्धित चुनौतीहरू समाधान गर्न स्थानीय तहले सक्रिय भूमिका खेल्नुपर्ने माग गरिएको छ । साथै, सरकारी विज्ञापन वितरणमा देखिएको विभेदकारी अभ्यास तत्काल पुनरावलोकन गर्नुपर्नेमा जोड दिइएको छ ।

महासंघले पछिल्लो समय पत्रकारमाथि बढ्दो दबाब, धम्की र असुरक्षाका घटनाप्रति चिन्ता व्यक्त गर्दै स्थानीय सरकारहरूलाई पत्रकारमैत्री वातावरण निर्माण गर्न आग्रह गरेको छ । सूचना प्रवाहलाई सहज बनाउने र सञ्चारकर्मीहरूको पेशागत अधिकारको सम्मान गर्ने दायित्व पनि स्थानीय तहको भएको उल्लेख गरिएको छ ।

अध्यक्ष साहले वर्तमान अवस्थामा पत्रकारिता पेशा झन् जटिल बन्दै गएको उल्लेख गर्दै राज्यका सबै निकाय जिम्मेवार हुनुपर्ने बताए । उनले स्वतन्त्र पत्रकारिता कमजोर भए लोकतान्त्रिक शासन प्रणालीमै असर पर्ने चेतावनी दिँदै संघीय विज्ञापन नीतिले निजी तथा स्वतन्त्र मिडियालाई कमजोर पार्ने जोखिम औंल्याए ।

ध्यानाकर्षण पत्र ग्रहण गर्दै जिल्ला समन्वय समिति धनुषाका प्रमुख मण्डलले पत्रकारहरूको मागप्रति आफू गम्भीर रहेको प्रतिक्रिया दिएका छन् । उनले स्थानीय तहहरूसँग समन्वय गरी आवश्यक पहल अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

महासंघले जिल्लाभरिका सबै स्थानीय तहमा ध्यानाकर्षण पत्र पठाएर प्रेस स्वतन्त्रता, पत्रकारहरूको हकहित र समान विज्ञापन वितरणको पक्षमा दबाब सिर्जना गर्ने अभियानलाई निरन्तरता दिने जनाएको छ ।

# गौर नगरपालिकाको खाता बन्दपछि समस्या



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गौर नगरपालिकाको खाता बन्द भएपछि कामकाज प्रभावित भएको छ । नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको निवेदनका आधारमा गएको शुक्रबार गौर नगरपालिकाको खाता लेखा अधिकृत छैठौँ सोहेल अन्सारीको नाममा सञ्चालन गरेको थियो ।

तर खाता सञ्चालन भएको केही घण्टा नबित्दै गौर नगरपालिकाका लेखा अधिकृत सातौँ सोहनकुमार यादवले आफू वरिष्ठ कर्मचारी भएको भन्दै आफ्नो नाममा खाता सञ्चालन हुनुपर्ने मागसहित कोष तथा लेखा नियन्त्रक कार्यालयमा निवेदन दिएका थिए । त्यसपछि सो कार्यालयले गौर नगरपालिकाको सम्पूर्ण खाता बन्द गरेको छ । २०८२ चैत २४ गते नगर कार्यपालिकाले लेखा अधिकृत छैठौँ अन्सारीकै नाममा खाता सञ्चालन गर्ने निर्णय गरेको थियो ।

२०७७ मङ्सिरदेखि अन्सारीकै नाममा खाता सञ्चालन हुँदै आएको थियो । लेखा अधिकृत सातौँ यादवले अन्य पालिकामा सरुवा सहमति लिएको आधारमा अन्सारीकै नाममा खाता सञ्चालन गर्ने निर्णय गरिएको नगरपालिकाले जनाएको छ । नगर प्रमुख शम्भु साहका अनुसार विगतमा अन्सारीको नाममा खाता सञ्चालन हुँदा यादवले कुनै आपत्ति नजनाएको तर अहिले आएर असहमति जनाएको बताउनुभयो ।

लेखा अधिकृत यादवलाई आर्थिक विकास शाखा प्रमुखको जिम्मेवारी दिइएको उनले जानकारी दिए । लेखा अधिकृत यादवले भने आफू वरिष्ठ लेखा अधिकृत भएकाले गौर नगरपालिका र कोष तथा लेखा नियन्त्रक कार्यालयमा आफ्नो नाममा खाता सञ्चालन गर्न निवेदन दिएको बताए । चार वर्षदेखि नगरपालिकाले आफूलाई काममा नलगाई पूर्वाग्रह राखेको उनको गुनासो छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका प्रमुख कोष नियन्त्रक देवीप्रसाद गौतमका अनुसार गौर नगरपालिकाको आग्रहमा शुक्रबार खाता सञ्चालन गरिएको थियो ।

तर, वरिष्ठ लेखा अधिकृतको निवेदनका आधारमा खाता बन्द गरिएको हो । अब महालेखा नियन्त्रक कार्यालय वा जिल्ला प्रशासन कार्यालयको लिखित आदेश आएपछि मात्र खाता सञ्चालन हुने उनले बताए ।

# आमसञ्चार प्राधिकरणको तालिममा समन्वय नभएकै हो ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारअन्तर्गतको आमसञ्चार प्राधिकरणले सञ्चालन गर्दै आएका सञ्चारकर्मी क्षमता अभिवृद्धि कार्यक्रमहरूमा संस्थागत समन्वय कमजोर रहेको भन्दै नेपाल पत्रकार महासंघ मधेश प्रदेश अन्तर्गतका आठवटै जिल्ला शाखाहरूले आपत्ति जनाएका छन् ।




महासंघका जिल्ला शाखाहरूले संयुक्त विज्ञप्ति जारी गर्दै प्राधिकरणले सरोकारवालासँग सहकार्य गर्ने प्रतिबद्धता जनाए पनि व्यवहारमा त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको उल्लेख गरेका छन् ।

विशेषगरी महोत्तरीको बर्दिबासमा वैशाख १५ गतेदेखि सुरु भएको स्थानीय तह केन्द्रित पत्रकारिता प्रशिक्षणका लागि प्रशिक्षक तयार पार्ने तीन दिने आवासीय तालिमलाई उदाहरणका रूपमा प्रस्तुत गर्दै महासंघले असन्तुष्टि जनाएको हो ।

प्रारम्भमा जिल्ला शाखाहरूबाट प्रशिक्षक पत्रकारहरूको नामावली माग गरिए पनि त्यसपछि कुनै ठोस छलफल नगरी प्राधिकरणले छुट्टै सूचना जारी गरेर आवेदन आह्वान गरेको आरोप लगाइएको छ ।

महासंघका अनुसार यसले संस्थागत समन्वयको मूल मर्मविपरीत कार्य भएको मात्र नभई संगठनको भूमिका र गरिमामाथि प्रश्न उठाएको छ । २०८२ चैत १७ गते प्राधिकरणले प्रत्येक जिल्लाबाट पाँच–पाँच जनाको नाम सिफारिस गर्न आग्रह गरेको स्मरण गराउँदै महासंघले त्यसपछिको प्रक्रियामा आफूहरूलाई बेवास्ता गरिएको जनाएको छ । चैत २५ गते पुनः अलग्गै सूचना जारी गर्नुले समन्वय अभाव अझ प्रष्ट भएको महासंघको ठहर छ ।

यसअघि सञ्चालन गरिएका एआईसम्बन्धी तालिमहरूमा पनि स्थानीय पत्रकारहरूको आवश्यकता र सन्दर्भ पर्याप्त रूपमा समेटिन नसकेको भन्दै महासंघले असन्तुष्टि दोहोर्याएको छ ।

कार्यक्रमहरू प्रभावकारी हुनुपर्नेमा औपचारिकतामै सीमित हुने प्रवृत्ति देखिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

महासंघले आगामी दिनमा सञ्चार क्षेत्रसँग सम्बन्धित कुनै पनि कार्यक्रम योजना तथा कार्यान्वयन गर्दा जिल्ला शाखाहरूसँग अनिवार्य रूपमा समन्वय र सहकार्य गर्न माग गरेको छ । साथै प्रदेश सरकारबाट विनियोजित बजेटको पारदर्शिता, प्रभावकारिता र उत्तरदायित्व सुनिश्चित गर्न पनि सम्बन्धित निकायलाई आग्रह गरिएको छ ।

मनपरी र असंवेदनशील कार्यशैली सच्याउन चेतावनी दिँदै महासंघले सञ्चार क्षेत्रको दिगो विकासका लागि आफ्नो सहभागिता, सम्मान र सहकार्य अपरिहार्य रहेको स्पष्ट पारेको छ ।

संयुक्त विज्ञप्तिमा सिरहा शाखाका अध्यक्ष मनोज बनैता, धनुषा शाखाका अध्यक्ष पुरन साह, सर्लाही शाखाका अध्यक्ष ओमप्रकाश ठाकुर, रौतहट शाखाका अध्यक्ष सञ्जय कार्की, महोत्तरी शाखाका अध्यक्ष महेशकुमार दाहाल, बारा शाखाका अध्यक्ष रमेश सुवेदी, सप्तरी शाखाका अध्यक्ष श्रवण देव तथा पर्सा शाखाका अध्यक्ष ओमप्रकाश खनाल का हस्ताक्षर रहेका छन् ।

# विधेयकमाथि अर्थ तथा योजना समितिमा विस्तृत छलफल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको अर्थ तथा योजना समितिको बैठक मंगलबार सम्पन्न भएको छ । बैठकमा 'प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक' माथि विस्तृत रूपमा छलफल गरिएको हो ।

बैठकका क्रममा समितिका सदस्यहरूले विधेयकसँग सम्बन्धित विभिन्न सुझाव, अनुभव तथा धारणा प्रस्तुत गरेका थिए । उनीहरूले नीति निर्माण प्रक्रियालाई अझ प्रभावकारी, समावेशी र व्यवहारिक बनाउन आवश्यक सुधारका विषयमा जोड दिएका थिए ।

छलफलमा उठाइएका बुँदाहरूले प्रदेशको नीति निर्माण प्रणालीलाई सुदृढ र व्यवस्थित बनाउन महत्वपूर्ण योगदान पु-याउने विश्वास समितिले व्यक्त गरेको छ ।

समितिका अनुसार विधेयकमाथि भएको रचनात्मक बहसले प्रदेश नीति आयोगको भूमिकालाई अझ स्पष्ट र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । बैठक सफलतापूर्वक सम्पन्न भएको जनाउँदै समितिले सहभागिता जनाउने सम्पूर्ण सदस्य तथा सरोकारवालाप्रति आभार व्यक्त गरेको छ ।

# नियमविपरीत राजस्व दुरुपयोग भइरहेको आरोप

**मधेशदृष्टि**
**बारा ।**
जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गतका केही वडा कार्यालयहरूले सेवाग्राहीबाट संकलन गरिएको सरकारी राजस्व रकम नियमविपरीत निजी प्रयोजनमा खर्च गर्ने गरेको खुलासा भएको छ । वडा कार्यालयहरूले घरबाटो सिफारिस, मालपोत, व्यक्तिगत घटना दर्ता, नाता प्रमाणित, जग्गा प्रमाणिकरण तथा संस्था नवीकरणजस्ता सेवाबाट नगद राजस्व उठाउने गरेका छन् ।

प्रचलित व्यवस्थाअनुसार रकम २४ घण्टाभित्र उपमहानगरपालिकाको बैंक खातामा दाखिला गर्नुपर्ने भए पनि कतिपय वडाले महिनौँसम्म रकम रोक्रे र आन्तरिक रूपमा खर्च गर्ने गरेको पाइएको छ ।

उपमहानगरपालिकाको तथ्यांकअनुसार २४ वडामध्ये वडा नम्बर १६ ले सबैभन्दा बढी ६ लाख ४८ हजार रुपैयाँभन्दा बढी रकम दाखिला नगरेको देखिएको छ । त्यस्तै वडा नम्बर १९, ८, २० र २४ मा पनि लाखौँ रुपैयाँ बाँकी रहेको विवरण सार्वजनिक भएको छ । वडा नम्बर १२ भने नियमित रूपमा राजस्व दाखिला गर्ने वडाका रूपमा देखिएको छ ।

उपमहानगरपालिकाले वडाहरूलाई मसलन्द खर्चका लागि मासिक १५ हजार रुपैयाँ उपलब्ध गराउने भए पनि सोभन्दा बढी रकम राजस्वबाटै प्रयोग भएको आरोप लागेको छ । केही वडाले सूचना बाहिरिने आशंकामा पछिल्लो समय हतार–हतार रकम दाखिला गरेको समेत पाइएको छ ।

उपमहानगरपालिकाका योजना शाखा प्रमुख सुदन चौधरीका अनुसार पटक–पटक २४ घण्टाभित्र राजस्व दाखिला गर्न निर्देशन दिइए पनि धेरै वडाले नियम पालना नगरेको बताउनु भएको छ ।

# 'एमआरपी' कार्यान्वयन गर्न खोज्दा वीरगंज भन्सारको जाँचपास रोकियो

**वीरगंज ।**
वीरगंज भन्सार कार्यालयमा भन्सारजाँच पास रोकिएको छ । भन्सार विन्दुमा आउने सामान तथा स्वदेशमा उत्पादन हुने सामानमा अनिवार्य अधिकतम खुद्रा मूल्य (एमआरपी) कार्यान्वयन गर्न खोज्दा आजदेखि आयातकर्ता तथा स्वदेशी उत्पादनकर्ताले जाँचपास रोकेका हुन् । सङ्घीय सरकारले २०८२ चैत २६ गते सूचना प्रकाशन गरेर भन्सार विन्दुमा आउने सामान तथा स्वदेशी उत्पादनमा हुने सामानमा अनिवार्य रूपमा एमआरपी लागू गर्ने निर्णय गरेको थियो ।

वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले व्यापारी तथा व्यवसायीले सरकारले तोकेअनुसार एमआरपी नल्याएपछि आज भन्सार जाँचपासको काम आंशिक रूपमा अवरुद्ध भएको जानकारी दिए ।

'सरकारको नीतिअनुसार भन्सार विन्दुमा आउने समान तथा स्वदेशी उत्पादन हुने सामानमा अनिवार्य एमआरपी कार्यान्वयन गर्न खाजेका थियौँ, तर आज व्यापारी तथा व्यवसायीले एमआरपी नतोकेर नै वस्तु तथा सामान ल्याउन खोजेकाले आंशिक रूपमा भन्सार जाँचपासको काम रोकिएको छ,' उनले भने, 'औद्योगिक कच्चापदार्थ, फलफूल तथा तरकारीको जाँचपासको प्रक्रिया भए पनि अन्यको हकमा भने भएको छैन ।'

वीरगंज भन्सारमा औसतमा दैनिक ५० देखि ६० करोड राजस्व सङ्कलन हुने गर्छ । सूचना अधिकारी विष्टले सरकारको अनिवार्य रूपमा एमआरपी लागू गर्ने नीतिलाई सहयोग गर्न व्यापारी तथा व्यवसायीलाई अनुरोध गरेका छन् ।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले एकाएक एमआरपी लागू गर्न सम्भव नभएको र यसले आयात तथा आन्तरिक बजारमा नकारात्मक प्रभाव पार्ने बताए । 'वीरगंजलगायत मुलुकका अधिकांश भन्सार कार्यालयबाट आयातित सामानको भन्सार जाँचपास भएको छैन,' उनले भने, 'यसले मुलुकको आपूर्ति शृंखलामा नकारात्मक असर पर्ने, राजस्व उठ्न समस्या हुने भएकाले तत्काल समस्याको समाधान गरिनुपर्छ ।'

सङ्घले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ को उपदफा (ञ) मा व्यवस्था भएको भनी सरोकार भएकाहरूसँग व्यापक छलफल नै नगरी निर्णय गरेकाले समस्या भएको बताए । अध्यक्ष गौतमले भने, 'सरकारले निश्चित केही सामानमा मात्रै लगाएर सुरुआत गर्नुपर्नेमा एक्कासि सबै सामानमा एमआरपी कार्यान्वयन गर्दा ठूलो जटिलता र झन्झट बेहोर्नुपर्ने देखिन्छ ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन